# अध्याय एक (CHAPTER -ONE)

## १. परिचय (Introduction)

## १.१ पृष्ठभूमि (Background of the study)

नेपाल विश्वको विकासोन्मुख देशहरु मध्ये कृषि प्रधान देश हो । नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको उल्लेखनीय योगदान रहेको छ । देशको कूल ग्राहस्थ उत्पादनको झण्डै एक तिहाइ हिस्सा कृषि क्षेत्रले ओगटेको छ भने झण्डै दुई तिहाइ भाग जनसंख्या कृषि पेशामा नै आश्रित रहेका छन् । आर्थिक वर्ष २०७०/०७१ मा कूल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान ३३.१२ प्रतिशत रहेको छ । त्यसैगरी आर्थिक वर्ष २०७२/०७३ मा कृषी क्षेत्रको योगदान घट्न गई ३१.७ प्रंतिशत रहेको छ । देशका ७४ प्रतिशत मानिसहरु कृषि पेशामा नै संलग्न रहेका छन् । त्यसैले नेपाल अर्थतन्त्रको कृषि र रोजगारीको आधारको रुपमा कृषि क्षेत्र रहेको छ (अर्थमन्त्रालय, २०७२) ।

प्रशासनिक हिसावले नेपाललाई पाँच विकास क्षेत्र ७ वटा प्रदेश तथा ७५ वटा जिल्लामा विभाजन गरिएको छ र परिस्थितीकीय हिसावले हिमाल, पहाड र तराई गरी भौगोलिक क्षेत्रमा विभाजन गरिएको छ । देशको कूल भूभागको १७.१ भाग ओगटने तराई क्षेत्र कृषि कार्यका लागि अत्यन्त उपयोगी क्षेत्र मानिन्छ । नेपालको अर्थतन्त्र बढी मात्रामा कृषि क्षेत्रमा आश्रित रहेको छ । नेपालको कूल जनसंख्याको ७४ प्रतिशत जनसंख्या कृषि कार्यमा नै संलग्न छन् (शिवाकोटी र श्रेष्ठ) ।

खाद्यान्न बाली मानिसको जीवनको आधार हो जंगली युगबाट खेतीपातीको युगमा प्रवेश गरेपछि नै मानिसहरु खाद्यान्न उत्पादनमा पूर्णत निर्भर रहदै आएका छन् । नेपालमा खाद्यान्न उत्पादनको महत्वपूर्ण भुमिका रहेको छ । कृषि क्षेत्रलाई आर्थिक विकासको एउटा महत्वपूर्ण पक्षको रुपमा लिन सकिन्छ । नेपालमा कृषिको लागि आवद्ध गरिएको कूल क्षेत्रफलको ३८ प्रतिशत रहेको छ । जसमध्ये कूल खेती योग्य जामिनको ८४ प्रतिशत खाद्यान्न बाली र १६ प्रतिशत मात्र नगदेवालीले ओगटेको छ । यसरी नगदेवालीभन्दा खाद्यान्न बाली उत्पादन गर्ने देखिएको छ (कार्की, २०७१) ।

Agriculture शब्द ल्याटिन भाषाबाट आएको हो र यसको नेपाली रुपान्तरण कृषि हुन्छ । agri र culture दुईवटा शब्दको समिश्रणबाट agriculture शब्दको विकास भएको हो । यसको तात्पर्य खेतीवारीमा खनजोत गर्नु बोटविरुवा रोप्नु खाद्यान्न उत्पादन गर्नु भन्ने बुझिन्छ र मानिसले गर्ने पशुपालन व्यवसाय पनि कृषिभित्र पर्दछ (शिवाकोटी र श्रेष्ठ, २०७०) ।

नेपालमा उत्पादन हुने बालीलाई मुख्य गरी खाद्यान्न र नगदे गरी दुई भागमा विभागन गर्न सकिन्छ । खाद्यान्न बाली अन्तर्गत सधैं उपभोग गरिने बालीहरु जस्तै : धान, मकै कोदो, गहुँ, जौं फापर पर्दछन् । नेपालमा खाद्यान्न वालीहरुको उपभोग अत्याधिक रहेको छ । २०६९/०७० मा खाद्यान्न बाली प्रति हेक्टर २५०० केजी उत्पादन भएको आँकडा पाइन्छ । नगदे बाली अन्तर्गत चिया, उखु, सुर्ती, जुट, आलु तेलहरु आदि प्रमुख मानिन्छ । आर्थिक सर्वेक्षण २०६८/०६९ का अनुसार  नेपालमा नगदेवाली प्र.हे १३,३२७ के.जी. हुने गर्दछ ( नेपाल र अन्य, २०७०) ।

कृषिमा आधारित अर्थव्यवस्था भएको हुनाले नेपाललाई कृषिप्रधान देश भनिएको हो । कूल ग्राहस्थ उत्पादनको अधिकांश हिस्सा (करिब ३३प्रतिशत) आय कृषि क्षेत्रबाट नै प्राप्त हुने भएकाले कृषि क्षेत्रलाई नेपाली अर्थतन्त्रको मेरुदण्ड भनिएको हो । नेपालमा व्यापक लगानी आवश्यक रहेका क्षेत्रहरु उद्योग र व्यवसायको उत्पादनमा खासै विकास गर्न नसकेको हुँदा राष्ट्रिय उत्पादन स्तर वृद्धि गर्नका लागि कृषि क्षेत्रमा आधुनिकीकरण गरी कृषिको उत्पादकत्वमा वृद्धि ल्याउनुको अर्को विकल्प रहदैन । वास्तवमा विश्वमा बढ्दो खाद्यसंकट टार्न, औद्योगिकीकरणको जग हाल्न कृषि जन्य वस्तु आयातलाई प्रतिस्थापन नर्ग निर्यात वृद्धि गरी वैदेशिक मुद्रा आर्जन गर्न र गरिबी निवारण गर्न आधुनिक  कृषि प्रणालीको आवश्यकता पर्दछ (ज्ञवाली, २०७०) ।

खाद्यान्न उत्पादनलाई भौगोलिक क्षेत्र अनुसार अध्ययन गर्दा हिमाली क्षेत्र खाद्यान्न उत्पादनको हिसावले त्यति उत्कृष्ट मानिदैन । यस क्षेत्रमा जौं, गहुँ, कोदो, मकै, धान जस्ता खाद्यान्न बाली  लगाउने गरिन्छ । जसमा गहुँ र जौं जस्ता खाद्यान्न बालीको राम्रो उत्पादन हुन्छ भने कोदो, मकै, धान उत्पादनका हिसावले न्यून नै मानिन्छ । देशको कूल क्षेत्रफलको ४२ प्रतिशत पहाडी क्षेत्र जसमा १० प्रतिशत भूभाग खेती योग्य छ । हावापानीका आधारमा धान मकै कोदो गहुँ जस्ता खाद्यान्न बालीको उत्पादन हुँदै आएको छ । अन्नको भण्डार

भनेर चिनिने तराई क्षेत्रले कूल भूभागको २३ प्रतिशत ओगटेको छ । जसमध्ये ४० प्रतिशत भूमि खेतीयोग्य छ । यो क्षेत्र नेपालको खाद्यान्न आपूर्तिको मूल थलोको रुपमा रहेको छ । जहाँ धान, गहुँ, प्रशस्त मात्रामा उत्पादन हुने गर्दछ (सापकोटा, र भट्टराई, २०७०) ।

नेपाल खाद्यान्न उत्पादनको क्षेत्र ३३,३९.०७७ हेक्टर रहेको छ र खाद्यान्न उत्पादनको परिमाण ८५.८० प्रतिशत २८५ मे.टन रहेको छ । खाद्यान्न उत्पादनको क्षेत्र र परिमाणलाई प्रतिशतमा अध्ययन गर्दा धान, मकै, गहुँ कोदो र जौं र फापरले ओगटेको क्षेत्रफल क्रमश : ४२.५, २५.४४, २२.५८, ८.२१, ०.८८, ०.३१ प्रतिशत रहेको छ  भने खाद्यान्न उत्पादन परिमाणलाई हेर्दा क्रमश : ५२.४९, २३.२५, २०.१३, ३६.५६, ०.२५ र ०.११ प्रतिशत उत्पादन भएको देखिन्छ । त्यस्तै खाद्यान्न उत्पादन प्रति हेक्टरमा हेर्दा धान मकै गहुँ, कोदो जौ र  फापर क्रमशः ३१७१, २३५३, १११४, २१५०, ११४१ र ९४१ रहेको  छ (के.त.वि. २०६९/ ०७०) ।

## १.२ समस्याको कथन (Statement of the Problems)

नेपालमा कृषि क्षेत्रलाई मेरुदण्ड मानिएको भएतापनि समग्रमा यसको अवस्था त्यति सन्तोषजन रहेको पाइदैन । कृषिलाई जिवन निवार्हको प्रमुख आधार मानिएको छ । तर पनि कृषकहरुमा कृषि, शिक्षा, ज्ञान, सिप तथा आयस्रोतको आदि कारणहरुले गर्दा कृषकहरुले कृषि क्षेत्रमा आधुनिक तथा उन्नत प्रविधिको प्रयोग गर्न सकिरहेका छैनन् किन भने नेपाल भू परिवेष्टिक देश भएका हुनाले यहाँ कृषिको उचित प्रविधी, सिचाइ, यातायात उन्नत बीउ मल विभिन्न किसिमका कृषि तालिमको अभाव रहेको जस्ता आदि कारणहरुले गर्दा कृषि क्षेत्रलाई आधुनिकीकरण र व्यवसायिककरण गर्न नसक्दा उचित उत्पादन लिन सकिएको छैन । प्राकृतिक प्रकोप गरिबी, राजनीतिक अस्थिरता पुँजीको अभाव, व्यवहारिक शिक्षाको कमि आदिका कारणले गर्दा नेपालमा कृषिको विकास हुन सकेको छैन ।

कृषिलाई व्यक्तिको जीवन निर्वाह र रोजगारीको आधारमा उत्पादन र सो उपभोग अवस्था वीचको अध्ययन गर्नु आवश्यक देखिन्छ । खाद्यान्न सम्बन्धि विभिन्न समस्याहरुले दिन प्रतिदिन भ्mेल्नुपरेको छ । हाम्रो देश खाद्यान्न उत्पादनमा आत्मनिर्भर हुन सकिएको छैन । देश आफैमा आत्मनिर्भर हुन नसक्दा बेला बेलामा खाद्यान्न सम्बन्धी समस्या भोग्नुपरेको छ । खाद्यान्नबालीलाई व्यावसायिकरण गर्न सकेको खण्डमा समग्र देशको आर्थिक विकास हुन देखिन्छ ।

खाद्यान्न बालीको उत्पादनलाई व्यवसायिकरण गर्न सकिएको खण्डमा देशको समग्र आर्थिक विकास हुने देखिन्छ । औद्योगिक क्षेत्रको लागि ८० प्रतिशत कच्चा पदार्थमा योगदान कृषि क्षेत्रले नै पुऱ्याएको छ । नेपालको खाद्यान्न उत्पादनले नेपाली जनताहरुको लागि उपभोग गर्न नपुगेको वर्तमान अवस्थामा नेपालमा खाद्यान्न उत्पादनका सम्भावनाहरु हुँदाहुँदै पनि यसको विकासलाई अगाडी बढाउन सकिएको छैन । यसको समस्याको रुपमा उचित प्रविधि, सिचाइ यातायात स्रोतको कमी आदि पक्षहरु रहेका छन् । नेपालमा खाद्यान्न उत्पादनको क्षेत्र र उत्पादन पमिाण क्रमश घट्दै गइरहेको छ । उपभोग बीचको असमानतालाई कम गरी खाद्यान्न उत्पाद वृद्धिद्वारा राष्ट्रिय उत्पादनमा वृद्धि गर्नु आजको प्रमुख चुनौतिको विषय रहेको छ । यस्तो अवस्थामा खाद्यान्न उत्पादन र उपभोगको विश्लेषणले देशलाई खाद्यान्नमा आत्मनिर्भर बनाउनको लागि सहयोग पुग्नुको साथै उतपादन बढाउनको लागि उचित किसिमका निति निर्माण गरी विकास कार्यक्रम सञ्चालन गर्न सहयोग पुग्ने देखिन्छ ।

## १.३ अध्ययनको महत्व (Significance of the Study)

नेपाल एक कृषि प्रदान देश हो । यहाँका लगभग ७४% मानिसहरु कृषिमा संलग्न छन् । जहाँ खाद्यान्न बाली र नगदेबाली उत्पादन गरिन्छन् । यहाँ देशको आर्थिक विकासको लागि खाद्यान्न बालीको उत्पादनले सहयोग पुऱ्याउँछ । खाद्यान्न बालीको प्रचुर मात्रमा उत्पादन गर्न सकेको खण्डमा देशलार्य आत्मनिर्भर बनाइ समग्र देशको आर्थिक विकासमा खाद्यान्न बालीले सहयोग पुऱ्याएको हुन्छ । खाद्यान्न उत्पादन र उपभोग विश्लेषणको अध्ययनले निश्चित समयमा भएको खाद्यान्न उत्पादन र उपभोगको प्रवृत्तिलाई प्रस्ट पार्न सहयोग पुऱ्याउँदछ ।

नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपूर्ण योगदान उल्लेखनीय रहेको छ । कूल ग्राहस्थ उत्पादनको झण्डै एक तिहाइ हिस्सा ओगटेको कृषि क्षेत्रमा देशको दुई तिहाइ जनसंख्या आश्रित रहेका छन् । आर्थिक वर्ष २०७१/७२ मा कूल ग्राहस्थ उत्पादनको ३२.१२% योगदान कृषि क्षेत्रको रहेको छ । आर्थिक वर्ष २०७१/७२ मा आधारभूत मूल्यमा कृषि क्षेत्रको वार्षिक वृद्धिदर १.८५% रहेको छ । जुन विगतको वर्षहरुमा जस्तो सन्तोषजनक देखिदैन । हाल आर्थिक वर्ष २०७२/७३ मा कृषि क्षेत्रको योगदान घट्न गई ३१.७ प्रतिशत रहेको छ । त्यसैले नेपाली अर्थतन्त्रको कृषि र रोजगारीको आधारको रुपमा कृषि क्षेत्र रहेको छ । (अर्थ मनत्रालय, २०७२) ।

नेपाल एक कृषि प्रधान देश हो । यहाँ खाद्यान्न बाली र नगदेबाली उत्पादन हुन्छ । कृषि क्षेत्रमा खाद्यान्न उत्पादनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । देशलाई खाद्यान्न उत्पादनमा आत्मनिर्भर बनाइ समग्र देशको आर्थिक विकासमा खाद्यान्न बालीले सहयोग पुऱ्याएको हुन्छ । खाद्यान्न उत्पादन सँगसँगै उपभोगको अध्ययन गर्नु आवश्यक हुन्छ । खाद्यान्न उत्पादन र सोको उपभोगको वास्तविक अन्तरले देशको खाद्यान्न आत्मनिर्भरता वा परिनिर्भरताको अवस्थााई स्पष्ट पार्दछ ।

यस अध्ययनबाट बैतडी जिल्लाको पाटन नगरपालिका वडा नं. ११ मा बसोबास गर्ने स्थानीय जनताहरुले गरेको खाद्यान्न परिमाण कति छ सोको उपभोगको अवस्था कस्तो छ ? खाद्यान्न उत्पादनबाट वार्षिक आम्दानी कति प्राप्त गर्दछन् ? यिनीहरुको खाद्यान्न उत्पादनबाट उपभोग प्रवृत्ति कस्तो छ ? यस क्षेत्रले वार्षिक आम्दानीमा कस्तो योगदान पुऱ्याएको छ ? यसले राष्ट्रिय आम्दानीमा योगदान पुऱ्याएको छ ? आदि प्रश्नहरुका उत्तर खोजिएको छ ।

- यस अध्ययनबाट निकालिएको निष्कर्षले खाद्यान्न उत्पादनसँग सम्बन्धित सरकारी तथा गैर सरकारी निकायलाई खाद्यान्न उत्पादन सम्बन्धि उपयुक्त निति निर्माण गरी कार्यक्रम संचालन गर्न सहयोग पुग्नेछ ।
- खाद्यान्न उत्पादनमा संलग्न घरपरिवारको खाद्यान्न प्राप्तबाट औषत वार्षिक आम्दानी र उपभोग प्रवृत्तिको जानकारीमा सहयोग पुग्नेछ ।
- खाद्यान्न बालीमा संलग्न कृषकहरुको आर्थिक तथा शैक्षिक अवस्थाबारे गरिने अध्ययन अनुसन्धानका लागि थप आधार बन्ने छ ।
- यस अध्ययनसँग सम्बन्धित नयाँ अनुसन्धानकर्ताको लागि सम्बन्धित साहित्यको पुनरावलोकन गर्न सहयोग पुग्नेछ ।

## १.४ अध्यनको उद्देश्य (Objectives of the Study)

अध्ययनका उद्देश्यहरु निम्नअनुसार छन् :

- खाद्यान्न उत्पादन र उपभोगको अवस्था पत्ता लगाउनु,
- स्थानीय किसानको आर्थिक अवस्था पत्ता लगाउनु ।

- खाद्यान्न उत्पादनले स्थानीय किसानको पारिवारिक शैक्षिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउनु ।

## १.५ अनुसन्धान प्रश्न (Research Questions)

अध्ययनमा वैतडी जिल्ला पाटन नगरपालिका वडा नं. ११ को खाद्यान्न उत्पादनमा संलग्न घरपरिवारको खाद्यान्न उत्पादन र सोको उपभोग प्रवृत्ति कस्तो छ भन्ने कुरालाई आधार मानी निम्न लिखित प्रश्नको उत्तर खोज्ने प्रयास गरिएको छ ।

- के खाद्यन्नबाली उत्पादनले राष्ट्रिय आम्दानीमा योगदान पुऱ्याएको छ ।
- खाद्यान्नबाली उत्पादनमा संलग्न कृषकहरुले भोग्नु परेको समस्याहरु के-के रहेका छन् ?
- खाद्यान्न बालीमा संलग्न किसानहरुका बालबालिकाको शैक्षिक अवस्था कस्तो छ ?
- खाद्यान्नबाली उत्पादनको वर्तमान अवस्था कस्तो छ ?

## १.६ अध्ययनको परिसिमा (Dilimitation of the Study)

अध्ययनको लागि पाटन नगरपालिकालाई छनोट गरिएता पनि यस नगरपालिकाको सम्पूर्ण वडाहरुको हरेक पक्षको अध्ययन गर्न समय श्रम, साधन र स्रोत र आर्थिक दृष्टिले सम्भव नभएकोले अध्ययन परिसिमालाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

- यस अध्ययनमा वैतडी जिल्लाको पाटन नगरपालिकाभित्रको ११ नं. वडा मात्र समावेश गरिएको छ ।
- खाद्यान्न बाली उत्पादन अन्तर्गत धान, गहुँ, मकै, कोदो, फापरलाई मात्र सीमित गरिएको छ ।
- यस अध्ययनमा प्रयोग गरिएका तथ्याङ्क शत प्रतिशत शुद्ध मानिने छन् ।
- यस अध्ययनमा अन्तर्वाता, छलफल, अवलोकन र प्रश्नावलीको माध्यमबाट प्राप्त तथ्याङ्कलाई विभिन्न तथ्याङ्क विधि तालिका र चार्टद्वारा विश्लेषण गरिने छ ।

## १.७ मुख्य शब्दावलीको परिभाषा (Definition of the Study)

| | |
|---|---|
| उत्पादनः | सामान्यतया उत्पादन भन्नाले कृषिजन्य वस्तुको उब्जनी कति भयो भन्ने कुरालाई बुझाउँछ । |
| खाद्यान्न बालीः | मानिसले आफूलाई दैनिक खानाको रुपमा प्रयोग गर्ने वस्तुहरु धान, गहुँ, मकै, फापर, जौ, नै खाद्यान्न बाली हुन । |
| उपभोगः | मानिसले आफ्नो आवश्यकता पूरा गर्न प्रयोग गरिने वस्तुहरु धान, गहुँ, मकै, जौ, को मात्रा उपभोग हुन् । |
| नमूना छनौटः | ठूलो समूहबाट केही एकाइहरु छनोट गर्ने प्रक्रिया |
| नमूनाः | ठूलो जनसंख्या छनौट गरिएका सम्पूर्ण मानिसहरुको समूह |
| जनसंख्या : | अनुसन्धानकर्ताको लागि छनौट गरिएका सम्पूर्ण मानिसहरुको समूह |
| अन्तरवार्ता : | दुई वा दुईभन्दा बढी व्यक्तिहरु विच आमने सामने बसेर गरिने कुराकानी |
| बचत : | खाद्यान्न उत्पादनबाट उपभोग गरेर बाँकी रहेको उत्पादनको मात्रा |
| किसान | खेतीपाती पशुपालन गर्ने मानिस |
| साक्षर | आफ्नो नाम लेख्न र पढ्न सक्ने मानिस |
| निरक्षर | आफ्नो नाम लेख्न र पढ्न नसक्ने मानिस |

## १.८ अध्ययनको संगठन (Organization of the Study)

यस अध्ययनलाई ५ अध्यायमा विभाजन गरिएको छ । अध्याय एकमा परिचय, अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको महत्व, अध्ययनको परिसीमा, शब्दावलीको परिभाषा र संगठन रहनेछ ।

अध्याय दुईमा सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा रहनेछ । जसमा सैद्धान्तिक पुनरावलोकन, अनुसन्धान साहित्यको पुनरावलोकन पूर्व साहित्यको समीक्षा, अनुसन्धानअन्तर अध्ययनको सैद्धान्तिक ढाँचा र अध्ययनको कार्यात्मक ढाँचा राखिएको छ ।

अध्याय तीनमा अध्ययन विधि र प्रक्रिया, अनुसन्धान ढाँचा तथ्याङ्क संकलनका स्रोतहरु, जनसंख्या नमुना र नमुना छनौट विधि अध्ययन क्षेत्रको परिचय, तथ्याङ्क संकलनका साधनहरु तथ्याङ्क संकलनका तरिकाहरु तथ्याङ्क विश्लेषण र नीतिगत प्रावधानहरु राखिएको छ ।

अध्याय चारमा तथ्याङ्कको व्याख्या र विश्लेषणको रहनेछ ।

अध्याय पाँचमा सारांश, निष्कर्ष र सझ्ुावहरु राखिने छ । अन्त्यमा सन्दर्भ सूची र अनुसूची राखिएको छ ।

# अध्याय दुई (CHAPTER TWO)

## २. सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of Theoretical Literature)

यस अध्यायमा यस अध्ययनको विषयसँग सम्बन्धित विभिन्न प्रकाशित, अप्रकाशित लेख, रचना प्रतिवेदन तथा साहित्यको पुनरावलोकन गरिएको छ । यो प्रतिवेदन तयार गर्दा पुनरावलोकन गरिएका अभिलेखनहरुलाई विश्लेषणात्मक रुपमा निम्नानुसार उल्लेख गरिएको छ ।

नेपाल राष्ट्र बैक (२०५७) को प्राथमिता क्षेत्र कर्जा निर्देशिकाअनुसार देशमा विद्यमान वेरोजगारी गरिबी, आर्थिक असमानता र पछौटेपनालाई क्रमश कमगर्दै लगी खास गरी विपन्नता न्यून आय भएका जनताहरुको जीवनस्तर सुधार गर्ने उद्देश्यले राष्ट्रिय विकास योजनामा प्राथमिकता दिएका उत्पादन रोजगारी तथा आयमा प्राथमिकता दिएका उत्पादन रोजगारी तथा आय अभिवृद्धि गर्न सघाउ पुऱ्याउने लघु तथा साना उद्योगलाई कृषि व्यवसाय, घरेलु तथा साना उद्योग र सेवा व्यवसायमा वर्गीकरण गरिएको छ । त्यसैगरी उक्त निर्देशिकाले कृषि उत्पादनसँग सम्बन्धित कर्जा कार्यक्रमको उद्देश्य परम्परागत एवम् आधुनिक प्रविधिको समूचित उपयोगबाट कृषि उत्पादन तथा उत्पादनमा वृद्धि ल्याई कृषिसँग सम्बन्धित तथा आयमूलक व्यवसायहरुको विकास र विस्तार गर्न सहयोग पुऱ्याउनेछ भनी उल्लेख गरिएको छ । उक्त निर्देशिकाले कृषि तथा कृषिजन्य व्यवसाय अन्तर्गत क्रियाकलापहरुमध्ये पहिलो खाद्यान्न तथा नगदेवाली भनी जनाएको छ ।

केन्द्रीय तथ्याङ्क विभाग (२०७०) का अनुसार नेपालमा खाद्यान्न उत्पादनको क्षेत्र ३३,३,९०७७ हेक्टर रहेको र खाद्यान्न उत्पादनको परिमाण ८५,८०, २८५ मे.टन रहेको छ । खाद्यान्न उत्पादनको क्षेत्र र परिमाणलाई प्रतिशतमा अध्ययन गर्दा धान, मकै, गहुँ, कोदो, जौ, र फापरले ओगटेको क्षेत्रफल क्रमश : ४२.९, २५.४४, २२.५८,८.२१, ०.८८ र ०.३१ प्रतिशत रहेको छ भने खाद्यान्न उत्पादन परिमाणलाई हेर्दा क्रमश : ५२.४९, २३.२९, २०१३, ३.५६, ०.३९, ०.११ प्रतिशत उत्पादन भएको देखिन्छ । त्यस्तै खाद्यान्न उत्पादन केजी हे. मा हेर्दा धान, मकै, कोदो, जौं र फापर क्रमश : ३१७१, २३५३, ११९४, २२९०, ११४१, र ९४१ रहेको छ । वि.स. २०६८/०६९ र २०६९/०७० दुई वर्षको खाद्यान्न उत्पादनलाई तुलनात्मक अध्ययन गर्दा २०६८/०६९ मा भएको खाद्यान्न उत्पादन के.जी. हे

मा धान, मकै, कोदो र जौ क्रमश : ३३१२, २५०१, २४१२, ११३३ र १२२४ रहेको थियो भने २०६९/०७० मा यसको उत्पादन क्रमश : ३१६१, २३५३, २२९०, १११४ र ११४१ रहेको छ । सो अघिल्लो वर्षको तुलनामा घटेको अवस्था हो ।

नेपाल सरकार कृषि विकास मन्त्रालय (२०१४) का अनुसार खाद्यान्न उत्पादनको सम्बन्धमा विभिन्न बालीहरुको क्षेत्रफल तथा उत्पादनसँग सम्बन्धित एक तथ्याङ्क सार्वजनिक गरेको छ । यस तथ्याङ्क अनुसार कूल खाद्यान्न बाली लगाएको क्षेत्रफल ३४८०० हे. जसमा उत्पादन ९५६२८० मेटन र औषत खाद्यान्न उत्पादन २७४८ केजी हे. रहेको तथ्याङ्कले देखाएको छ । खाद्यान्न बालीलाई अलग अलग गरेर देखाउदा धानको उत्पादन ७४८६,९५१ हे.मा ५०४७०४७ मेटन, ३३९४ केजी रहेको छ । मकैको उत्पादन ९२८७६१ हे.मा २२८३२२२ मे.टन र २४५८ के.जी रहेको छ । गहुँको उत्पादन १८८३१४७ हे. मा ३४८२२४ मे.टनमा २४९६ के.जी रहेको छ । जौको उत्पादन २८१७४ हे.मा ३४८२४ मे.टन १२३६ के.जी. रहेको छ र फापरको उत्पादन १०५१० हे.मा. १०३३५ मे.टन ९८३ के.जी रहेको छ ।

कारोबार दैनिक (२०७१) कृषि उत्पादन लागत भारतमाभन्दा नेपालमा महँगो रहेको छ । मुख्य खाद्यान्न बाली सहित पशुपालन फलफूल र तरकारी उत्पादन लागत छिमेकी भारत भन्दा नेपालमा बढी पर्ने अध्ययनले देखाएको छ । लागत नै महँगो भएपछि व्यावसायीले पनि आयतित बेच्दै आएका छन् । यसले नेपालको व्यापार सन्तुलन वर्षौ देखि बिग्रदै गएको छ । गत वर्ष १ खर्वभन्दा बढीको खाद्यान्न आयात हुनुमा यही कारण प्रमुख रहेको छ । अध्ययनको निष्कर्ष रहेको छ । त्रिभुवन विश्वविद्यालय केन्द्रीय अर्थशास्त्र विभागले नेपाल र भारत बिच कृषि उत्पादन लागतमा अन्तर नामक अध्ययनमा सबै जसो खाद्यान्न भारतमा भन्दा महँगो देखिएका छन् । श्रमिकहरुको ज्याला पनि भारतमा भन्दा नेपालमा महँगो रहेको निष्कर्ष छ ।

चालु आर्थिक वर्ष २०७१/७२ मा नेपालको खाद्यान्न उत्पादन धान, गहुँ मकै कोदो जौा र फापर अघिल्लो वर्षको तुलनमा करिब ३ प्रतिशतले घट्न गई ५२ लाख ६२ हजार मेटन हुने प्रारम्भिक अनुमान छ । यो उत्पादन गत वर्ष खाद्यान्न बालीले ढाकेको कुल क्षेत्रफल समेत गतवर्षको तुलनामा घट्न गएको अनुमान छ ।

अर्थमन्त्रालय (२०७३) का अनुसार खाद्यान्न बालीको अवस्थालाई हेर्दा चालु आर्थिक वर्ष २०७२/०७३ मा नेपालको कूल खाद्यान्न उत्पादन धान, गहुँ, मकै, कोदो, जौ र फापर अघिल्लो वर्षको तुलनामा करिब ६२ प्रतिशतले घट्न गई ८६ लाख ९२ हजार मेटन हुने प्रारम्भिक अनुमान छ । यी उत्पादन गत वर्षको ९२ लाख ६ हजार मेटन भन्दा करिब ५ लाख ७४ हजार मेटनले कमी हो । साथै यस वर्ष खाद्यान्न बालीले ढाकेको कुल क्षेत्रफल समेत गत वर्षको तुलनामा घट्न गएको अनुमान छ ।

अर्थमन्त्रालय (२०७३) का अनुसार नेपालको प्रमुख खाद्यान्न बालीमध्ये प्रमुख खाद्यान्न बाली धानले चालु आर्थिक वर्ष २०७२/०७३ मा धानको उत्पादन गत वर्षको तुलनामा १०.२ प्रतिशतले घट्न गई ८२ लाख ५५ हजार मे.टन हुने प्रारम्भिक अनुमान छ । यो उत्पादन गत वर्षको ४७ लाख ८८ हजार मेटनले भन्दा करिब ४ लाख ५० हजार मेटन ले कम हुन गएको छ । धानको उत्पादन घट्नुको मुख्य कारणहरुमा मनसुनको कमी, समयमा रोपाइ हुन नसकी जमिन बाँझो रहनु ढिलो सुरु भएको मनसुन र सीमानाका बन्दका कारण रासायनिक मल लगायतका ढुवानी सहज नुहुन तथा इन्धन अभावका कारण भूमिगत सिचाइ समेत प्रभावित हुन रहेका छन । चालु आर्थिक वर्षमा धानबाली लगाएको क्षेत्रफलमा समेट ४.४ प्रतिशतले कमी आएको छ ।

अर्थमन्त्रालय (२०७३) का अनुसार नेपालको प्रमुख खाद्यान्न बाली मध्ये उत्पादनको हिसावले दोस्रो खाद्यान्न बाली मकै हो । चालु आर्थिक वर्ष  २०७२/०७३ मा मकैको उत्पादन करिब ४.० प्रतिशतले बढ्न गई २२ लाख ३१ हजार मेटन  उत्पादन हुने प्रारम्भिक अनुमान छ । यो उत्पादन गत वर्षको २१ लाख ४५ हजार मेटन भन्दा करिब ८६ हजार मेटनले बढी हो । चालु आर्थिक वर्षमा मकै लगाएको क्षेत्रफलमा समेत १ प्रतिशतले वृद्धि भएको छ । यस वर्ष  अधिक वर्षाको कारण कर्ता कतै ढाँठ कुहिने रोगको कारणबाट केही क्षेत्रको मकैको उत्पादनमा वृद्धि भएको छ ।

अर्थमन्त्रालय (२०७३) का अनुसार नेपालको प्रमुख खाद्यान्न बाली मध्ये उत्पादनको हिसाबले तेस्रो नम्बरमा पर्ने गहुँ बालीको उत्पादन गत वर्षको तुलनामा चालु आर्थिक वर्ष २०७२/०७३ मा गत वर्षको तुलनामा करिब ८.३ प्रतिशतले काम भई १८ लाख ११ हजार मेटन पुग्ने अनुमान छ । गत आर्थिक वर्षमा गहुँ बालीको उत्पादन करिब १९ लाख ७५ हजार मेटन थियो । अधिकांश पूर्वी हिमाली तथा पहाडी जिल्लाहरुमा गहुँ बालीको क्षेत्रफल

घटेको कारण उत्पादनमा कमी आएको हो । त्यस्तै गरी चालु आर्थिक वर्ष २०७२/०७३ मा कोदो उत्पादनमा करिब २.० प्रतिशतले घट्न गई गत वर्षको ३ लाख ८ हजार मेटन बाट करिब ३ लाख २ हजार मेटन रहने अनुमान छ । कोदोबालीमा उन्नत विउ, मल जस्ता प्रविधिको प्रयोग गर्ने प्रचलन कम भएका कारण उत्पादनमा खासै वृद्धि हुन सकेको छैन ।

अर्थमन्त्रालय (२०७३) का अनुसार नेपालको प्रमुख खाद्यान्न बाली मध्ये नेपालको हिमाली क्षेत्रमा मुख्य खाद्यान्न बालीको रुपमा रहेको फापरलाई विगत केही वर्षदेखि राष्ट्रिय तथ्याङ्कको रुपमा समावेश गरिएको हो । देशको करिब ५० वटा जिल्लामा खेती हुने फापर बालीको क्षेत्रफल र उत्पादनमा गत वर्ष चालु आर्थिक वर्ष  २०७२/०७३ क्रमश ७.१२, ०.२ प्रतिशतले वृद्धि भएको छ । चालु आर्थिक वर्षमा फापरको उत्पादकत्व ६.९ प्रतिशतले वृद्धि भएको छ ।

## २.२ अनुसन्धानात्मक साहित्यको पुनरावलोकन(Review of empirical Literature)

यस अध्यायमा खाद्यान्न उत्पादन र उपभोग विश्लेषणसँग सम्बन्धित विभिन्न पाठ्यपुस्तक जर्नल अनुसन्धान प्रतिवेदन लगायत  अन्य अप्रकाशित अभिलेखहरुको पुनरावलोकन गरिनेछ । यो प्रस्तावना तयार गर्दा पुनरावलोकन गरिएका अभिलेखहरुलाई विश्लेषणात्मक रुपमा निम्नानुसार उल्लेख गरिएको छ ।

अधिकारी (१९९६) ले आफ्नो शोधपत्रमा  रत्ननगर गा.वि.स चितवनलाई अध्ययन क्षेत्र बनाई (Paddy Farming in Rathagar-VDC) शीर्षकमा अनुसन्धान गर्नु भएको थियो । उहाँले उत्पादन क्षेत्रमा धान, उत्पादन उत्पादकत्व धान खेती गर्ने तौरतरिका बारे विश्लेषण गर्नु भएको थियो । उहाँले गा.वि.स. सबै क्षेत्रमा धान खेती गरिने र धानका विविध प्रकारमध्ये मन्सुली धान मुख्य गरी लगाएको र धान खेतीगर्न परम्परागत उल्लेख गरी तौर तरिका नै अपनाएको र धान उत्पादनमा विभिन्न किसिमका समस्याहरु जस्तै सिचाइ सुविधा, ऋृण सुविधा,  आधुनिक विउविजन  र मलको अभाव रहेको पत्ता लगाउनु भएको छ । उत्पादन क्षेत्र र उत्पादमा प्रत्यक्ष सम्बन्ध रहेको कुरा निष्कर्ष दिनु भएको छ ।

सारु (२०७१) ले महेशपुर गा.वि.स. झापा जिल्लालाई अध्ययन क्षेत्र बनाई खाद्यान्न बाली अन्तर्गत धान बाली अन्तर्गत धान बालीको उत्पादनले आर्थिक तथा शैक्षिक अवस्थामा पारेको प्रभाव शीर्षकका एक शोधपत्र तयार गर्नु भएको छ । यस अध्ययन क्षेत्रमा देशको

करिब ७४ प्रतिशत मानिसहरु कृषिमा संलग्न रहेका छन् । नेपालमा उत्पादन हुने पालिमा मुख्य गरी खाद्यान्न र नगदेवाल गरी दुई  भागमा वर्गीकरण गर्न सकिन्छ । खाद्यान्न बाली अन्तर्गत प्रमुख रुपमा धान, मकै गहुँ, कोदो, जौँ र फापर पर्दछन् । यी बाली मध्ये जम्मा खेतीयोग्य भुमिको ५५ प्रतिशत धान उत्पादन गरिन्छ । यसमा उनले कृषि क्षेत्रको उचित प्रविधि, सिचाईँ, यातायात, उन्नत बिउ, मल कृषि तालिमको अभावले गर्दा कृषि क्षेत्रलाई आधुनिकीकरण र उत्पादनलाई व्यावसायिकरण गर्न नसक्दा उचित उत्पादन लिन सकिरहेको छैन ।

लुइँटेल (२०६७) ले आफ्नो शोधपत्रमा नगदेबाली र खाद्यान्न बालीमा संलग्न किसानहरुको आर्थिक र शैक्षिक स्थितिको तुलनात्मक विश्लेषण गर्ने उद्देश्य राखेर अध्ययन गर्नु भएको छ । आर्थिक अवस्थाले बालबालिकाको शिक्षामा पारेको प्रभावको विश्लेषण गर्नु उद्देश्य थियो । यो उद्देश्य पुरा गर्नका लागि नगदेवाली र खाद्यान्न बालीमा संलग्न १२/१२ घरपरिवार गरी जम्मा २४ घरपरिवारलाई नमुनाको रुपमा छनौट गर्नु भएको थियो । अध्ययनको क्षेत्रमा नगदे र खाद्यान्न बालीमा संलग्न व्यक्तिहरुको प्रति बालबालिहरुको लागि शिक्षामा लगानी क्रमश रु १७०२२ र रु ६५६५.२२ देखिन्छ । वार्षिक औषत आम्दानीलाई हेर्दा खाद्यान्न बालीमा संलग्न परिवारको रु ५७४५५.८३६ भने नगदे बालीमा संलग्न परिवारको रु १२०४५४.१७ पाइन्छ । तुलनात्मक रुपमा नगदे वालीमा संलग्न परिवारको आम्दानी बढी देखिएको कुरा निष्कर्ष दिनु भएको छ ।

धिताल (२००१) ले आफ्नो शोधपत्र An economics analysis of paddy production शीर्षकमा शोधपत्र तयार गर्नु भएको छ । उक्त शोधपत्र तयार गर्नुको उद्देश्यहरु धानबाली उत्पादनमा प्रभाव पार्ने तत्वहरु पत्ता लगाउनु अध्ययन क्षेत्रको धान उत्पादनका समस्या पत्ता लगाउनु जस्ता राख्नु भएको छ ।  धान उत्पादनमा जनशक्ति रासायनिक मल, उन्नत विउ आधुनिक कृषि औजार जस्ता तत्वहरुको उत्पादनमा प्रभाव पार्दछ भनी व्याख्या गर्नुभएको छ । त्यस्तै गरी सिचाईँको असुविधा, रासायनिक मलको अपूर्णता, परम्परागत खेती गर्ने तौरतरिका उन्नत विउको अभाव तथा तालिमको अभाव जस्ता  समस्याहरु अध्ययन क्षेत्रमा रहेको कुरा व्याख्या गर्नु भएको छ । अध्ययन क्षेत्रमा सिचाईँका स्रोतहरु प्रशस्त भए पनि ती स्रोतहरुको उचित मात्रामा प्रयोग नभएको यदि ती स्रोतहरुको उचित मात्रामा प्रयोग भएमा धान उत्पादनमा थप सहयोग पुग्ने, बजारको व्यवस्था (Rice Mill)

आधुनिक प्रविधिबाट स्थापना गर्न सके कृषि कर्जाको व्यवस्थापन गर्न सके तथा सस्तो दरमा ऋण सुविधा भएमा तथा नयाँ नयाँ तौरतरिका र तालिमलाई गाउँ गाउँसम्म परिचित गराउन सके धान उत्पादन गर्न सकिने बढी भन्दा बढी सम्भावना रहेका कुरा निष्कर्ष दिन भएको छ र  अध्ययन क्षेत्र दुरुवा गा.वि.स. दाङ रहेको छ।

घिमिरे (२०६२) ले आफ्नो शोधपत्रमा  ६ (अलैची, अमिलो, अदुवा, अकबरे खुर्सानी, ओलनसँग, अमरिसो संलग्न कृषकका नगदेबालीहरुको उत्पादनको वर्तमान अवस्था पहिचान गर्नु प्रमुख नगदे बालीहरुको उत्पादनको क्रममा देखा परेका समस्याहरुलाई केलाउनु, जिविकोपार्जन प्रमुख नगदेवालीको आर्थिक प्रभाव बारे विश्लेषण गर्नु र यसमा देखिएका समस्या समाधानका लागि सुझाव प्रस्तुत गर्नु जस्ता उद्देश्य राखी शोधपत्र तयार गर्नुभएको छ। यस अध्ययनको अन्त्यमा (६ ) प्रमुख नगदेबालीहरुको योगदान खाद्यान्न बालीको भन्दा चारगुणा बढी देखिन्छ  र यस खेतीको प्रभाव आर्थिक क्षेत्रमा सकारात्मक परेको कुरा उल्लेख गर्नुभएको छ। अध्ययनको मुख्य क्षेत्र इलाम जिल्लाको सुम्तक गा.वि.स लाई बनाउनु भएको छ।

घिमिरे (२०६६) ले पाल्पा जिल्ला मदन पोखरा गा.वि.स. अध्ययन क्षेत्रको रुपमा लिई नगदे तथा खाद्यान्न बालीबाट प्राप्त आयको तुलनात्मक अध्ययन शीर्षकमा एक शोधपत्र तयार पार्नु भएको छ। उक्त शोधपत्रमा अध्ययन क्षेत्रमा खाद्य बाल (धान, मकै, गहुँ) भन्दा नगदे बाली (आलु, काउली, मुला, गोलभेडा,) तरकारी खेतीको आय लगभग ३ गुणा बढी रहेको र नगदे तथा खाद्यान्न बालीको आर्थिक तथा सामाजिक प्रभावमा ४६ प्रतिशत योगदान रहेको उल्लेख गरिएको छ। उक्त अध्ययन क्षेत्रमा साक्षरता प्रतिशत ७३.६० हुनुका साथै उच्च शिक्षा तर्फ पनि आकर्षित रहेको समेत उल्लेख छ। उक्त अध्ययन क्षेत्रमा कृषि ऋणलाई सर्वसुलभ तथा न्यूनतम व्याजदर कायम गरी उपलब्ध गराउनु पर्ने कृषि उपज वस्तुहरुको मूल्य सरकारी स्तरबाटै निर्धारण गरिनुपर्ने सिचाइ व्यवस्था मल वीउ तथा औषधीको प्रवन्ध गरी सरकारी स्तरबाटै कृषि सम्बन्धी गुरु योजना बनाई प्रभावकारी कार्यान्वयनमा ल्याउनुपर्ने जस्ता सुझावहरु पेश गरिएको छ।

## २.३ साहित्यको पुनरावलोकन अध्ययनको प्रयोग (Implication of the Review of empirical literature)

नेपाल एक कृषि प्रधान देश हो । यहाँ लगभग ७४ प्रतिशत जनता कृषिक्षेत्रमा निर्भर छन् । नेपाली जनताको जीवन निर्वाह गर्ने क्षेत्र नै कृषि हो यहाँ कृषिसँग सम्बन्धित विभिन्न किसिमका खाद्यबाली नगदेवालीको खेती तथा पशुपालन गरिन्छ । नेपालको हिमाली पहाडी तराई सबै क्षेत्रमा खाद्यान्न उत्पादनका सम्भावनाहरु रहेका छन् । खाद्यान्न उत्पादनका क्षेत्रमा आधुनिक  प्रणालीबाट खेती गरी उत्पादनमा अत्याधिक वृद्धि गर्न सकिन्छ । वर्तमान समयमा खाद्यान्न उत्पादनका व्यावसायमा किसानहरुको बढी आकर्षण प्राप्त भएको देखिन्छ । यस अध्ययनमा विभिन्न साहित्यको पुनरावलोकन र पूर्व साहित्यको अध्ययनको समीक्षा निम्नानुसार गरिएको छ ।

नेपाल राष्ट्र बैक (२०५०) काअनुसार प्राथमिक क्षेत्र कर्जा निर्देशिकामा देशमा विद्यमान बेरोजगार गरिबी, आर्थिक असमानता र पछौटेपनलाई क्रमश कम गर्दै विपन्न वर्गको जीवनस्तरमा सुधार गर्ने उद्देश्य राखिएको छ । उक्त निर्देशिकाले कृषि तथा वन्यजन्तु व्यवसाय अन्तर्गत विभिन्न क्रियाकलापहरु मध्ये पहिलो खाद्यान्न तथा नगदे बाली भनी जनाएको छ ।

खरेल (२०६४)  ले नेपालमा धान खेतीको क्षेत्रफल उत्पान र उत्पादकत्वको स्थिति शीर्षकमा रहेर कृषि नामक पत्रिकामा संसारको आधाभन्दा बढी जनसंख्या खाद्यान्नको प्रमुख स्रोत धान  हो । त्यसैले संयुक्त राष्ट्रसंघले सन् २०१५ सम्म विश्वभर ८४ करोड कुपोषणको मारमा परेको जनसंख्यालाई आधारमा झार्ने लक्ष्य किटान गरेको छ । यो लक्ष्य पुरा गर्न कृषिको भूमिका महत्वपूर्ण छ । हाम्रो देशको अर्थतन्त्र मूल आधारशिला नै कृषि क्षेत्र हो । कृषि तन्त्रको भविष्य कृषि जन्य र पशुपालनजन्य उद्योगको उत्पादकत्वमा निर्भर गर्दछ । मुलुकको अर्थतन्त्र मेरुदण्डको रुपमा कृषि अर्थव्यवस्थामा धानको आफै किसिमको महत्वपूर्ण स्थान रहेको छ । हाम्रो देशमा भने बीस वर्षे दीर्घकालीन कृषि योजनाले धानलाई विशेष प्राथमिकतामा राखेको छ । अब देशमा चैते भदौमा वर्षे हिउँदमा गरी वर्षभरी धान खेती गर्न सकिने प्रविधिको विकास भइसकेको छ । धान खेतमा माछा पालन गर्दा प्रति हेक्टर ५ सय २९ किलोग्राम माछाको साथै धानको उत्पादन पनि १२ प्रतिशतले बढेको छ भन्ने कुरा उल्लेख गर्नुभएको छ ।

सुवेदी (२०६५) ले धान उत्पादनका सम्बन्धमा सुवेदीद्वारा प्रकाशित आधुनिक अर्थशास्त्र नामक पुस्तकका अनुसार देशको कूल उत्पादनको करिब ३० देखि ४० प्रतिशतसम्म धान उत्पादन झापा र मोरङ जिल्लामा हुने गर्दछ। धान बालीका लागि उपर्युक्त सिचाइ सुविधा आवश्यक पर्दछ । उक्त पुस्तकका अनुसार नेपालको खाद्यान्न बालीहरुमध्ये करिब ६० प्रतिशत धान उत्पादन हुने गर्दछ भने ८० प्रतिशत धान उत्पादन तराई प्रदेशमा मात्र गरिन्छ भन्ने कुरालाई पनि जोडी  उल्लेख गर्नुभएको छ।

कार्की (२०७१) ले आफ्नो शोधपत्रमा खाद्यान्न बालीले स्थानीय कृषकहरुको आर्थिक अवस्था र तिनीहरुको बालबालिकाको शैक्षिक क्षेत्रमा पारेको प्रभाव शीर्षकमा गरिएको अध्ययनमा धानबालीबाट मात्र प्राप्त वार्षिक औसत आम्दानी रु ४३९०.२४ रहेको पाइयो भने वार्षिक औसत खर्च रु २१९५.१२ रहेको देखाएको छ। यस अध्ययनले  वचत प्राप्त भएको देखाएको छ। यसबाट उनीहरुका बालबालिकाको शैक्षिक अवस्थामा सुधार आएको देखाएको छ।

अर्थमन्त्रालय (२०७३) को तथ्याङ्क अनुसार खाद्यान्न बाली अन्तर्गत धान,गहुँ कोदाको उत्पादन गतवर्षको तुलनामा घटेको र मकैको उत्पादन गतवर्षको तुलनामा बढ्न गएको देखाएको छ। यसका अतिरिक्त खाद्यान्न बालीको उत्पादनमा विभिन्न किसिमका समस्याहरु सिचाइको असुविधा, रासायनिक मलको अपूर्णता परम्परागत खेतीगर्ने तौरतरिका उन्नत बीउको अभाव तथा तालिमको अभावको अतिरिक्त अन्तराष्ट्रिय स्तरमा खाद्यान्न तथा खाद्य पदार्थमा आएको मूल्य वृद्धि तथा अपर्याप्त आपूर्ति, आर्थिक रुपले सक्रिय जनशक्ति दिनानुदिन निर्देशित क्रम बढ्दै जाँदा कृषि क्षेत्रमा बढ्दै गएको कारणले श्रमशक्तिको भाव, उर्वर कृषि भूमिको गैर कृषि प्रयोजनमा बढ्दो उपयोग तथा जनवायु परिवर्तनको नकारात्मक प्रभाव जस्ता कारणहरुले कृषि क्षेत्रको आशान्तित उपलब्धि हासिल गर्न नसकेको देखाएको छ। खाद्यान्न उत्पादनको क्षेत्रमा देखा परेको समस्याहरुलाई समाधान गर्नको लागि कृषि ऋणलाई सर्वसुल तथा न्यूनतम व्याजदर कायम गरी उपलब्ध गराउनु पर्ने कृषि उपज वस्तुको मूल्य सरकारी स्तरबाट निर्धारण गरिनु पर्ने सिचाईको व्यवस्था, मल विउ सम्बन्धी गुरुयोजना बनाई प्रभावकारी कार्यान्वयनमा ल्याउनु पर्ने आदि जस्ता सुझावहरु विभिन्न अध्ययन अनुसन्धान देखाएको छ।


## २.४ अनुसन्धान अन्तर (Research Gap)

१. पूर्व अध्ययनमा खाद्यान्न उत्पादनको कुनै एउटा खाद्यान्न बालीले पारेको प्रभाव मात्र अध्ययन गरिएको छ तर यस अध्ययनमा खाद्यान्न उत्पादन धान, मकै, गहुँ, कोदो र सोको उपभोग परिमाणलाई लिएर अध्ययन गरिएको छ ।

३. पूर्व अनुसन्धान गरिएका अध्ययनमा खाद्यान्न बालीलाई छुट्टै रुपमा अध्ययन नगरी तरकारी बालीसँग तुलनात्मक रुपमा अध्ययन गरिएको छ । तर यस अध्ययनमा खाद्यान्न बालीलाई छुट्टै रुपमा अध्ययन गरिएको हुँदा खाद्यान्न बालीको विस्तृत जानकारी प्राप्त हुने देखिन्छ ।


## २.५ अध्ययनको सैद्धान्तिक अवधारणा (Theoretical framework of the study)

यस अध्ययन पूर्व गरिएका विभिन्न अनुसन्धानबाट प्राप्त हुन आएका निष्कर्षको आधारमा तरकारी तथा खाद्यान्न बालीबाट प्राप्त आयले किसानको आर्थिक तथा पारिवारिक शैक्षिक अवस्थामा पारेको प्रभाव विश्लेषण अध्ययनका लागि यस प्रकारको अवधारणाको निर्माण गरिएको थियो । जसलाई निम्न चार्टबाट प्रस्तुत गरिएको छ ।


तरकारी तथा खाद्यान्न बालीबाट प्राप्त आयले किसानको आर्थिक तथा शैक्षिक अवस्थामा पारेको प्रभाव
आर्थिक अवस्था
तरकारी तथा खाद्यान्न बालीबाट प्राप्त आम्दानी
शैक्षिक अवस्था
आम्दानी
तरकारी बाली
खाद्यान्न बाली
किसानको शैक्षिक स्तर
बालबालिकाको शैक्षिक अवस्था
खर्च
वचत
पेशा
जमिन
उत्पादन
लागत
मूल्य
आम्दानी
साक्षर
निरक्षर
प्रा.वि.
नि.मा.वि.
मा.वि.
उ.मा.वि.

स्रोत : डाँगी, २०७१

## २.६ कार्यात्मक ढाँचा (Functional framework of the study)



# अध्याय तीन (CHAPTER THREE)

## ३. अनुसन्धानको विधि र प्रक्रिया (Research Methodology and Process)

शोधपत्र प्रस्तावना अध्ययनलाई प्रभावकारी रुपमा सम्पादन गर्न उपर्युक्त अध्ययन विधिको छनोट गर्नुपर्दछ । उपयुक्त अध्ययन विधिको छनोट विना सही निष्कर्ष निकाल्न कठिन हुन्छ , अत : अध्ययन गर्दा के विषयमा अध्ययन गर्ने कस्तो प्रकृतिको अध्ययन गर्ने ? कस्तो प्रकृतिको तथ्याङ्कको आवश्यकता छ ? तथ्याङ्कहरु कहाँबाट कसरी प्राप्त गर्ने र अध्ययनमा लाग्ने समयावधि नमुना संकलन विधि लगायतका कुराहरुमा ध्यान दिनु जरुरी हुन्छ । यस अध्ययनको लागि निम्न अनुसन्धान विधिको प्रयोग गरिनेछ ।

## ३.१ अनुसन्धान विधि (Research Methodology)

यस अध्ययनमा अनुसन्धानको क्रममा प्रयोग गरिने अध्ययन प्रक्रियाहरुको बारेमा छलफल गरिएको छ । अध्ययन विधिमा विशेषत अनुसन्धान ढाँचा जनसंख्या र नमुना छनोट प्रक्रिया तथ्याङ्कका स्रोतहरु तथ्याङ्क प्रक्रिया र तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण जस्ता अनुसन्धान विधिको रुपमा लिइने छ

## ३.२ अनुसन्धानको ढाँचा (Research Design)

यो अनुसन्धान व्याख्यात्मक तथा विश्लेषणात्मक ढाँचामा आधारित छ । यस अध्ययनको विश्लेषण खासगरी प्राथमिक तथ्याङ्कको आधारमा समग्र अध्ययनको विश्लेषण गरिएको छ । प्राथमिक तथ्याङ्क प्राप्त गर्न नसकिएका तथ्याङ्कहरुलाई यस अध्ययनसँग सम्बन्धित लेख रचना, पुस्तक, पत्रपपत्रिकाबाट सहायक तथ्याङ्क संकन गरिएको छ । यस अध्ययनको उद्देश्य पुरा गर्नको लागि प्राथमिक र सहायक तथ्याङ्कको पनि प्रयोग गरिएको छ । यसबाट प्राप्त तथ्याङ्कलाई वर्णनात्मक तथा विश्लेषणात्मक अनुसन्धान ढाँचा प्रयोग गरी तयार गरिएको छ।

## ३.३ तथ्याङ्कका स्रोतहरु (Sources of data)

यस अध्ययनमा तथ्यांक संकलनको लागि प्राथमिक र द्वितीय स्रोतहरुलाई उपयोग गरिएको छ ।

### ३.२.१ प्राथमिक स्रोत (Primary data)

यस अध्ययनमा बैतडी जिल्ला पाटन नगर पालिका वडा नं. ११ मा बसोबास गर्ने र खाद्यान्न उत्पादनमा संलग्न घर परिवारलाई नै प्राथमिक तथ्याङ्कको स्रोतको रुपमा लिइएको छ । यस अध्ययनका लागि आवश्यक प्राथमिक तथ्याङ्कका स्रोतहरु भनेका अध्ययन क्षेत्रमा परेका सम्पूर्ण घरपरिवार हुन् ।

### ३.२.२ सहायक स्रोत (Secondary data)

यस अनुसन्धान कार्यलाई पूर्णता दिन प्राथमिक तथ्याङ्कले मात्र नपुग्ने भएकाले यसको लागि सहायक तथ्याङ्कलाई पनि लिइएको छ । यस अन्तर्गत अनुसन्धानकर्ताले तथ्याङ्क संकलन नगरी उपयुक्तताका आधारमा रचनाहरु, पत्रपत्रिका, अनुसन्धान शीर्षकसँग सम्बन्धित विभिन्न पाठ्यपुस्तक जर्नल अनुसन्धान प्रतिवेदन नगरपालिका, जि.वि.स.बाट प्रकाशित पुस्तकहरु आदिको प्रयोग गरी तथ्याङ्क संकलन गरिने छ ।

## ३.३ जनसंख्या नमुना र नमुना छनोट रणनीति (Population, sample size and sampling strategy)

यस अध्ययनका लागि जनसंख्या र त्यसबाट छनोट गरिएको नमुना आकार तथा नमुना छनोट प्रक्रिया निम्नानुसार उल्लेख गरिएको छ ।

### ३.३.१ जनसंख्या (Population)

यस अनुसन्धानमा बैतडी जिल्लाको पाटन नगरपालिका अन्तरगत वडा नं. ११ लाई लिइएको छ । यस ११ नं. वडामा बसोबास गर्ने खाद्यान्न बाली उत्पादनमा संलग्न ४२७ घरधुरीलाई जनसंख्याको रुपमा लिइएको छ ।

### ३.३.२ नमुना आकार (Sample size)

यस अध्ययनमा पाटन नगरपालिकाको १३ वडाहरुमध्ये सुविधानजनक नमुना छनौट विधि प्रयोग गरी वडा नं. ११ लाई छनौट गरिएको छ । यो वडा मा रहेका ४२७ घरधुरी मध्ये सामान्य सम्भावनायुक्त नमुना छनौट विधिको प्रयोग गरी ९२ घरधुरीलाई नमुनामा समावेश गरिएको छ जुन कुल जनसंख्याको २१ प्रतिशत हुन आउँछ ।

### ३.३.३ नमुना छनौट

यस अनुसन्धानका क्रममा स्रोत, साधन र समयको सिमितताको कारण सम्पूर्ण जनसंख्यालाई लिएर अध्ययन गर्न जटिल एवम कठिन पर्ने हुनाले सम्पूर्ण जनसंख्यको प्रतिनिधित्व हुने गरी नमुना छनौट गरिएको छ। जसलाई यस प्रकार उल्लेख गरिएको छ।

१. यस अध्ययनमा बैतडी जिल्ला पाटन नगरपालिकालाई उद्देश्यमूलक नमुना छनोट विधिको आधारमा छनोट गरिएको हो । किनभने यस क्षेत्रमा खाद्यान्न उत्पादन, उपभोग र शैक्षिक अवस्थाको बारेमा अनुसन्धान नगरिएकोले यस क्षेत्रलाई अध्ययनको रुपमा छनोट गरिएको छ।

२. पाटन नगरपालिकामा १३ वडाहरु मध्ये वडा नं. ११ मा अन्य वडाको तुलनामा खाद्यान्न बालीमा संलग्न बढी भएको र घरधुरी संख्या पनि बढी रहेको कारणले वडा नं ११ लाई उद्देश्यमूलक र सुविधाजनक नमुनाको रुपमा छनौट गरिएको छ।

३. यस अध्ययनको नमुना छनौटमा परेका खाद्यान्न बाली उत्पादनमा संलग्न कुल घरधुरी ४२७ मध्ये सम्भावनायुक्त नमुना छनौट विधि (Random sampling method) अन्तर्गत चिट्टा प्रथाद्वारा ९२ घरधुरीलाई छनौट गरिएको छ जुन कूल जनसंख्याको २१ प्रतिशतका हो।

### ३.४ अध्ययन क्षेत्रको परिचय (Introduction of the study area)

नेपालको सुदूरपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत बैतडी जिल्ला स्थित पाटन नगरपालिका वडा नं. ११ मा अवस्थित खाद्यान्न उत्पादन, उपभोग र शैक्षिक अवस्थाको विश्लेषण यस अनुसन्धानको अध्ययन क्षेत्र मानिएको छ।

### ३.५ तथ्याङ्क संकलनका साधानहरु (Tools of data Collection)

यस अध्ययनका लागि आवश्यक तथ्याङ्क संकलन गर्न र यसलाई पूर्णता दिनको लागि विभिन्न साधानहरु जस्तै प्रश्नावली, अवलोकन आदि साधनहरुको प्रयोग गरिएको छ।

### ३.५.१ प्रश्नावली (Questionnaire)

प्रस्तुत शोधपत्रमा अन्य साधनहरुभन्दा बढी सुचना दिने साधनको रुपमा प्रश्नावलीलाई लिइएको छ । यस अनुसन्धान कार्यलाई पूर्णता दिनका लागि तथ्याङ्क संकलन गर्नुपर्ने हुन्छ । तथ्याङ्क संकलन गर्न प्रश्नावलीको माध्यमबाट आवश्यक जानकारी संकलन गरिएको छ । यस प्रश्नावली अन्तर्गत प्रयोग गरिने प्रश्नहरु खाद्यान्न उत्पादनको अवस्था, खाद्यान्न उत्पादनबाट प्राप्त आम्दानी, खाद्यान्न उपभोगको अवस्था खाद्यान्न उत्पादनको बचतसँग सम्बन्धित रहेको छ।

### ३.५.२ अवलोकन सूची (Observation list)

अध्ययनको उद्देश्य पुरा गर्नका लागि अनुसन्धानकर्ता स्वयम् नमुना छनोटमा परेको अध्ययन क्षेत्रमा गइ स्थानीय किसानको पारिवारिक अवस्था, भूमिको वर्तमान अवस्था, खेती गर्ने तरिकाबारे अवलोकन सूची निर्माण गरी अवलोकन गरिएको थियो ।

## ३.६ तथ्याङ्क संकनका पद्धति (Techniques of Data Collection)

यस अध्ययनको लागि आवश्यक तथ्याङ्क संकलन गर्नका लागि निम्न विधिहरुको प्रयोग गरिने छ ।

### ३.६.१ अन्तर्वार्ता (Interview)

यस अध्ययनको लागि आवश्यक तथ्याङ्क संकलन गर्नका लागि आर्थिक अवस्था र दैनिक क्रियाकलाप खेतीपातीको स्थिति र खाद्यान्न बाली उपभोग आदिको बारेमा जानकारी प्राप्त गर्न खाद्यान्न बालीमा संलग्न कृषकसँग प्रत्यक्ष भेटघाट गरी प्रत्यक्ष अन्तर्वार्ता गरिएको थियो ।

### ३.६.२ प्रत्यक्ष अवलोकन (Direct obsetvation)

यस अध्ययनको उद्देश्य परिपूर्तिका लागि खाद्यान्न बाली उत्पादनमा कृषकहरु कृषि क्षेत्रमा कतिको संलग्न छन् । कृषिलाई उत्पादनमुखी बनाउन कस्तो कस्तो किसिमको मल प्रयोग गरेको छ खाद्यान्न उत्पादनलाई वृद्धि गर्न कस्ता अभियानहरु अगाडि बढाइएका छन् ? ग्रामीण क्षेत्रमा खाद्यान्न बालीको कतिको महत्व छ ? खाद्यान्न बालीबाट उत्पादन गरेर

कति आम्दानी गरिएका छन् ? आदि कुराहरुको अवलोकन गर्दै यस क्षेत्रबाट स्थानीय विकासमा पुऱ्याएको योगदानको आर्थिक पक्षको बारेमा प्रत्यक्ष अवलोकन गरिएको छ ।

## ३.७ तथ्याङ्क विश्लेषण (Data Analysis Procedures)

यस अध्ययनमा प्राथमिक तथा सहयाक स्रोतबाट  संकलन तथ्याकहरुलाई उद्देश्यअनुसार बढी रोचक र व्यवस्थित र स्पष्ट बनाउन शीर्षक अनुसार विभिन्न तालिकामा देखाई विषयवस्तुलाई व्याख्या विश्लेषण गरिएको छ । उक्त तथ्याङ्कको विश्लेषणात्मक तथा परिमाणात्मक विधिद्वारा निष्कर्ष निकालिएको छ ।

## अध्याय चार (CHAPTER FOUR)

## ४. अध्ययन क्षेत्रको परिचय (Introduction of Study Area)

### ४.१ बैतडी जिल्लाको परिचय (Introduction of Baitadi District)

सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत महाकाली अञ्चलको प्रवेशद्वारको रुपमा रहेको बैतडी जिल्ला भौगोलिक विविधताले भरिएको रमणीय जिल्ला हो । विश्वमानचित्रमा बैतडी जिल्ला २९ डिग्री १९ मिनेट देखि २९ डिग्री ४१ मिनेट २९ डिग्री १९४१ उत्तरी अक्षांश सम्म र ८० डिग्री १५ मिनेट देखि ८० डिग्री ५४ मिनेट ८०° १५ र ५४ पूर्वी देशान्तरमा अवस्थित छ । यस जिल्लाको कूल क्षेत्रफल १५१९ वर्ग किलोमिटर छ । यस जिल्लाको उचाइको हिसावले समुन्द्री सतहदेखि ३९० मिटर सर्लाहीदेखि ६९३६ मिटर उचाइमा रहेको कोटपेटरासम्म पर्दछ । यस जिल्लाको सिमाना पूर्वमा बझाङ र डोटी जिल्ला पश्चिममा भारतको उत्तराखण्ड प्रदेश, उत्तरमा दार्चुला जिल्ला र दक्षिणमा डडेल्धुरा र डोटी पर्दछन् । राजनीतिक र प्रशासनिक विभाजनको आधारमा यस जिल्लामा २ वटा निर्वाचन क्षेत्र १३ वटा इलाका, ५६ वटा गा.वि.स. २ वटा स्रोतकेन्द्र र २ वटा नगरपालिका रहेको छ ( जि.वि.स. २०७२) ।

यस जिल्लाको नामाकरण बारेमा विभिन्न भनाईहरु उल्लेख भएको पाइन्छ । स्थानीय भाषामा वह भन्नाले हवा र तडी भन्नाले अडिने ठाउँ भनी जनाउने र यहाँ हावा अडाउन सक्ने अग्ला अग्ला पहाडहरु भएकाले यो ठाउँलाई वहतडी भनिएकोमा शब्द विकृत भई बैतडी भएको पाइन्छ । अर्को भनाई अनुसार वायुत्तड (पर्वताग्ला लेक केदार) को नाम अपभ्रंश भई बैतडी नामाकरण भएको मानिन्छ । यहाँ हावा बेसरी लाग्ने भएकाले यो ठाउँलाई वायुत्तड भनिएकोमा यो शब्द अप्रभंश भर्य बैतडी बनेको र सोही आधारमा यस जिल्लाको नाम रहेको मानिन्छ । बैतडी जिल्लाको सदरमुकाम खलंगामा अवस्थित छ जुन दशरथ चन्द नगरपालिका भित्र पर्दछ । स्रोत जि.वि.स कार्यालय बैतडी (२०६८)

बैतडी जिल्लाको कूल क्षेत्रफल १५१९ रहेकोमा कूल खेतीयोग्य जमिन ३१४८५ हेक्टर रहेको छ । जसमा २५,७०० हेक्टर अर्थात ८२ प्रतिशत मात्रै सिचाइको व्यवस्था गर्न सकिएको देखिन्छ । यस जिल्लामा ३९०० घरपरिवारले कृषि पेशा अपनाएको देखिन्छ । यस

जिल्लामा बालीको रुपमा नगदे र खाद्यान्न लगाईन्छ । खाद्यान्न बालीमा विशेष गरेर धान, मकै, गहुँ, कोदो, आलु लगाइन्छ (स्रोत जि.वि.स कार्यालय बैतडी (२०६८) ।

जनगणना (२०६८) अनुसार यस जिल्लाको कूल जनसंख्या २५०६४७ रहेको छ । जसमध्ये महिलाको जनसंख्या १३१३२४ अर्थात ५३ प्रतिशत र पुरुषको जनसंख्या११९३२३ अर्थात ४७ प्रतिशत रहेका छ । यस जिल्लामा विभिन्न जातजातिका मानिसहरु बसोबास गर्दछन् । जसमा ब्राहमण, क्षेत्री दलित र अन्य आदिको बसोवास रहेको छ । परम्परागत रुपमा कृषि पेशा नै यहाँको प्रमुख पेशा हो । यस जिल्लाको जनसंख्यामध्ये ८९ प्रतिशत पुरुष र ८५ प्रतिशत महिलाले कृषि पेशालाई नै अपनाएका छन् । मुख्य आयस्रोत नै कृषि रहेको छ । यस जिल्लाको मुख्य बजारको रुपमा गोठालापानी, देहीमाण्डौं, पाटन, खोपडे हाँट, खोच्लेक, मेलौली पर्दछन् (स्रोत जि.वि.स कार्यालय बैतडी (२०६८) ।

यस जिल्लामा २१.९ मेटन अन्न २२.२ मेटन तरकारी ९.२२ मेटन चालु र ४७० मेटन दाल उत्पादन गरेको देखिन्छ । बैतडी जिल्ला पूर्व रुपमा पहाडी क्षेत्रमा अवस्थित छ । यस जिल्लाको न्यूनतम तापक्रम ५$^{\circ}$ देखि अधिकतम ३४$^{\circ}$ डिग्री छ र वर्षा १५,१३ मि.मि हुन्छ । यस जिल्लाको कुल क्षेत्रफल मध्ये ५३ प्रतिशत जंगलले ढाकेको क्षेत्र रहेको छ । यस जिल्लामा ९८ प्रतिशत मानिसहरु खाना पकाउन दाउरा प्रयोग गरेको देखिन्छ (स्रोत जि.वि.स कार्यालय बैतडी (२०६८)।

### ४.१.१ शैक्षिक विवरण (Educational Status)

शैक्षिक विवरणलाई नियाल्दा कुल साक्षर प्रतिशत जम्मा ६२.७९ रहेको छ । जसमा पुरुष साक्षरता प्रतिशत ७८.२ प्रतिशत र महिला साक्षरता ४९.२ रहेको छ । यसका साथै २०६७/०६८ मा गरिएको साक्षरता, सर्वेक्षण अनुसार १५ वर्षभन्दा माथिको निरक्षक संख्या ६४, ३५७ रहेको छ । जसमध्ये महिलाको संख्या ५१,४४९ र पुरुषको संख्या १२,९०८ रहेको छ । ५ देखि १५ वर्ष उमेर समूहका विद्यालय जाने बालबालिकाको संख्या १,४८० मात्र रहेको छ ।

यस जिल्लामा २०७२ अनुसार कायम रहेका विद्यालय विवरण देहाय बमोजिम रहेका छन् ।

**बैतडी जिल्लाको शैक्षिक संस्थाको विवरण** (२०७२)

**तालिका ४.१**

| **क्र.सं.** | **शैक्षिक संस्था** | **सामुदायिक** | **संस्थागत** | **जम्मा** |
|---|---|---|---|---|
| १ | उ.मा.वि. | ५२ | ० | ५२ |
| २ | मा.वि. | ५९ | ४ | ६३ |
| ३ | नि.मा.वि. | १०४ | १ | १०५ |
| ४ | प्रा.वि. | ३२६ | ११ | ३३७ |
| ५ | बाल विकास केन्द्र | ३९३ | १० | ४०९ |
| जम्मा | | ९४० | २७ | ९६६ |

**स्रोत : जि.वि.स. २०७२**

तालिका अनुसार बैतडी जिल्लाको शैक्षिक संस्था विवरणलाई हेर्दा सामुदायिक र संस्थागत उच्च मा वि. को संख्या ५२, मा.वि. को ६३, नि.मा.वि. को १०५, प्रावि. को ३३७ र बालविकास केन्द्रको संख्या ४०९ गरी जम्मा सामुदायिक ९४० र संख्यागत २७ हुने गरी जम्मा ९६६ वटा शैक्षिक संस्थाहरु रहेका छन् ।

### ४.१.२ धर्मको आधारमा जनसंख्या विवरण (Distribution of Population by Religion)

यस जिल्लामा विभिन्न धर्म मान्ने मानिसहरुको बसोबास रहेको छ । यसमध्ये यहाँ ९९ प्रतिशत हिन्दू धर्म र १ प्रतिशत अन्य धर्म मान्ने मानिसहरु बसोबास गर्दछन् । यस जिल्लामा मनाई मुख्य चाडपर्वहरु गौरा, दशै, तिहार, होली तथा स्थानीय मेला आदि पर्दछन् ।

**तालिका नं ४.२**

**धर्मको आधारमा बैतडी जिल्लाको जनसंख्या विवरण-२०७२**

| क्र.सं. | शैक्षिक संस्था | सामुदायिक |
|---|---|---|
| १ | हिन्दू | ९९% |
| २ | अन्य | १ % |
| जम्मा | | १००% |

**स्रोत : जि.वि.स. २०७२**

### ४.१.३ जातिगत आधारमा जनसंख्याको वितरण (Distribution of Population by Caste)

जनगणना (२०६८) अनुसार बैतडी जिल्लाको कुल जनसंख्या २,५०,६४७ रहेको छ । उक्त जनसंख्यामध्ये १,१९,२२३ महिलाको जनसंख्या र १,३१,३२४ पुरुषको जनसंख्या रहेको छ । यस जिल्लामा विभिन्न जातजातिका मानिसहरुको बसोबास रहेको छ । जसमा ब्राहमण, क्षेत्री दलित रहेका छन् ।

**तालिका ४.३**

**बैतडी जिल्लाको जातिगत विवरण-२०७२**

| क्र.सं. | जातिगत | प्रतिशत |
|---|---|---|
| १ | **क्षेत्री** | ५८.०० |
| २ | **ब्राहमण** | २०.४ |
| ३ | **दलित** | १६.८ |
| ४ | **जनजाति** | १.४ |
| ५ | **अन्य** | ३.४ |

**स्रोत : स्रोत : जि.वि.स. २०७२**

तालिकामा बैतडी जिल्लाको जातजातिको आधारमा जनसंख्या हेर्दा क्षेत्री ५८.०० प्रतिशत ब्राहमण २०.४ प्रतिशत, दलित १६.८ प्रतिशत जनजाति १.४ प्रतिशत र अन्य ३.४ प्रतिशत रहेको देखिन्छ ।

### ४.१.४ आर्थिक अवस्था (Economic status)

बैतडी जिल्लाको कुल जनसंख्याको ८७ प्रतिशत मानिसहरु कृषि पेशामा संलग्न छन् । लैङ्गिक हिसाबले ८९ प्रतिशत महिला र ८५.४ प्रतिशत पुरुष कृषि पेशामा आश्रित देखिन्छन् । यहाँको प्रमुख खाद्यान्न बालीहरुमा धान, मकै, गहुँ, पर्दछन् । सुन्तला, मौसमी, कागती, निवुवा ओखर, स्याउ आदि फलफूल उत्पादन गरिन्छ भने नगदेवालीको हिसावमा भटमास, गहत सिमी आदि दालहरु उत्पादन हुन्छन् तथा मह घिउ, चिउरीको गुड पनि प्रशस्त मात्रामा उत्पादन गरिन्छ । यस जिल्लामा खाद्य उत्पादन न्यून हुने भएकाले कैलाली र कन्चनपुरबाट आयात गरिन्छ ।

**तालिका ४.४**

**पेशाको आधारमा बैतडी जिल्लाको जनसंख्या विवरण प्रतिशतमा** (२०७२)

| **पेशा** | **जनसंख्या** | **प्रतिशत** |
|---|---|---|
| कृषि | २,१८,५६४ | ८७.२ |
| नोकरी | ११,७८० | ४.७ |
| व्यापार | १००४ | ०.४ |
| घरायसी कार्य | ९,५२४ | ३.८ |
| अन्य | ७,७७५ | ३.९ |
| जम्मा | २,५०,६४७ | १०० |

**स्रोत : जि.वि.स. २०७२**

### ४.२ पाटन नगरपालिकाको परिचय (Introduction of Patan Municipality)

पाटन नगरपालिका बैतडी जिल्लाको निर्वाचन क्षेत्र नं. १ मा अवस्थित छ । सदरमुकाम देखि ३३ कि.मि. टाढा रहेको छ । १९६.६ ल १९६.६ वर्ग कि.मी. क्षेत्रफल ओगटेको यस नगरपालिकाको सिमाना उत्तरमा कोटपटेरा गा.वि.स. सँग जोडिएको छ भने दक्षिणतिर शिदेश्वर गा.वि.स सँग जोडिएको छ त्यस्तै पूर्वमा शंकरदेव गा.वि.स र पश्चिममा मेलउरी

गा.वि.स सँग जोडिएको छ । यस नगरपालिका समुन्द्री सतहदेखि ६०० मि. उचाइमा रहेको छ ।

यस पाटन नगरपालिका भित्रबाट बग्ने मुख्य खोलानाला बगडीगाड खोला सुर्नया खोला पर्दछन् । यी दुबै खोलाहरु उपयोगमा छन् किनकी वगडी गाडबाट सिचाइको लागि नहर लिएको छ । सुर्नयाबाट पाटन नगरपालिका भित्रका बासिन्दाहरुको लागि सिचाइको व्यवस्था पनि गरिएको विजुलीको व्यवस्था पनि गरि उपयोगमा ल्याइएको छ । यहाँ गर्मीयाममा तापक्रम अधिकतम ३४ डिग्री स म्म पुग्दछ र जाडोयाममा न्यूनतम ५.८ सम्म पुग्दछ । यसरी हेर्दा यसको हावा पानी सदावहार हुन्छ । बैतडी जिल्लामा धेरै गर्मी हुँदैन । बैतडी जिल्लाको एकमात्र विमानस्थल पनि पाटन नगरपालिकामा रहेको छ । विभिन्न कारणहरुले गर्दा यो विमानस्थल अहिले जीर्ण अवस्थामा रहेको छ (स्रोत : स्थलगत सर्वेक्षण, २०७३) ।

### ४.२.१ जनसांख्यिकी विवरण (Demographic Description)

यस नगरपालिकाको कुल जनसंख्या २०६८ का अनुसार १९,९११ रहेको छ । यसमध्ये ९००० महिलामा र १०,९११ पुरुषको संख्या रहेको छ । कूल घरपरिवार संख्या ३,९८२ सरदर परिवार संख्या ५ जना रहेको छ (आधारभूत सर्वेक्षण प्रतिवेदन, २०६८) ।

### ४.२.२ अध्ययन क्षेत्रको जनसांख्यिकीय अवस्था (Demographical Status of the Study Area)

यस अध्ययनमा उद्देश्य अनुरुप संकलित तथ्याङ्कहरुलाई विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रमा रहेका ४२७ घरपरिवारका १,९८९ जनसंख्यालाई उमेर, लिङ्ग, जातिगत, विवरणका आधारमा निम्नानुसार तल प्रस्तुत गरिएको छ ।

### ४.२.३ नमुना घरधुरीको पारिवारिक संरचना (Family Structure of Study Area)

एकमात्र दम्पती भएको परिवार एकल परिवार हो भने दुई वा दुईभन्दा बढी दम्पती भएको परिवार संयुक्त परिवार हो । अध्ययन क्षेत्र पाटन नगरपालिका वडा नं ११ का सम्पूर्ण घरपरिवारहरुको जनसंख्यालाई उमेर समूहको आधारमा तलको तालिकाबाट प्रस्तुत गरिएको छ ।

**तालिका ४.५**

**नमुना कृषकहरुको पारिवारिक संरचना**

| **क.सं** | **विवरण** | **जनसंख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | एकल | ४२ | ४५.६५ |
| २ | संयुक्त | ५० | ५४.३४ |
| जम्मा | | ९२ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०७३**

## ४.२.४ अध्ययन क्षेत्रको उमेरगत जनसंख्या ( Distiribution of Population of the Study by Age)

परिवारको आकारले मानिसको सामाजिक, आर्थिक तथा शैक्षिक स्वरमा प्रभाव पार्ने गर्दछ । परिवारको आकार ठूलो भएमा त्यसले विभिन्न समस्याहरु अभावहरुको सिर्जना गर्दछ । विभिन्न अध्ययनहरुले ठूलो परिवारको तुलनामा सानो परिवार सुखी र खुसी भएकाले विभिन्न तथ्यहरुले पुष्टि गरेको छ । यस अध्ययन क्षेत्र वडा नं. ११ का नुमना छनौटमा परेका घरधुरीहरुको जनसंख्यालाई उमेर समूहको आधारमा तलको तालिकाबाट प्रस्तुत गरिएको छ ।

**तालिका ४.६**

**उमेर समूहको आधारमा जनसंख्याको संरचना** (२०७२)

| **क.सं** | **उमेर समूह** | **जनसंख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | ०-५ | ४० | ८.८८ |
| २ | ५-१५ | १४५ | ३२.२२ |
| ३ | १५-६० | २१५ | ४७.७७ |
| ४ | ६० भन्दा माथि | ५० | ११.११ |
| जम्मा | | ४५० | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०७३**

तालिका अनुसार ०-५ वर्ष उमेर समूहका ४० रहेका छन् । त्यस्तै गरी ५-१५ वर्ष उमेर समूहका १४५ जना रहेका छन् । १५-६० वर्ष उमेर समूहका २१५ जना रहेका छन् । जुन उमेर समूहलाई सक्रिय जनसंख्याको रुपमा लिई उनीहरुको आर्थिक क्रियाकलापलाई

समेटिएको छ । ६० वर्ष उमेर समूह भन्दा माथिको उमेर समूहको जनसंख्या ४५० पाइयो । औषत परिवारको आकार भने ४.८ रहेको पाइयो ।

### ४.२.५ लिङ्ग अनुसार जनसंख्याको संरचना (Population Structure by Sex)

यस अध्ययन क्षेत्रका नमुना छनोटमा परेका खाद्यान्न बाली उत्पादनमा संलग्न कृषकहरुलाई लिङ्गका आधारमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.७**

**लिङ्गको आधारमा अध्ययन क्षेत्रको जनसंख्या**(२०७०)

| क्र.सं | लिङ्ग | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिला | २०० | ४४.४४ |
| २ | पुरुष | २५० | ५५.५५ |
| जम्मा | | ४५० | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०७३**

माथिको तालिकामा अध्ययन क्षेत्रको लिङ्गको आधारमा सम्पूर्ण घरधुरीको जनसंख्यालाई तालिकामा प्रस्तुत गरिएको छ । जसमा कूल जनसंख्या २०० मध्ये महिला ४४.४४ प्रतिशत रहेका छन् भने जसमा कुल जनसंख्यामध्ये २५० जना अर्थात ५५.५५ प्रतिशत पुरुष रहेका पाइन्छ । यस तथ्याङ्कको आधारमा अध्ययन क्षेत्रमा परेका घरधुरीमा पुरुषको तुलनामा महिलाको जनसंख्या धेरै रहेको पाइयो ।

### ४.२.६ नमुना घरधुरीको जातिगत संरचना (Structure of Sample Household by Ethnicity)

यस अध्ययन क्षेत्रका नमुना छनोटमा परेका खाद्यान्न उत्पादनमा संलग्न कृषकहरुको जातिगत विवरणलाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.८**

**जातिगत आधारमा खाद्यान्न उत्पादनमा संलग्न घरधुरी-२०७०)**

| क.सं | जातिगत विवरण | घरधुरी | प्रतिशत |
|---|---|---|---|
| १ | ब्राहमण | २० | २१.७ |
| २ | क्षेत्री | ४५ | ४४.९ |
| ३ | दलित | १५ | १६ |
| ४ | अन्य | १२ | १३.४ |
| जम्मा | | ९२ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण-२०७३**

तालिकामा अध्ययन क्षेत्रको नमुना छनोटमा परेका खाद्यान्न बालीमा संलग्न घरधुरीको जातिगत विवरणलाई देखाएको छ । यस अध्ययन क्षेत्रमा मिश्रित जातजातिको बसोबास रहेको पाइन्छ । यस अध्ययन क्षेत्र पाटन नगरपालिका वडा नं. ११ मा बसोबास गर्ने जातिहरुमध्ये ४५ घरधुरी अर्थात ४८.९ प्रतिशत ब्राहमण २० घरधुरी अर्थात २१.७ प्रतिशत दलित १५ घरधुरी अर्थात १६ प्रतिशत र अन्य १२ घरधुरी अर्थात १३.४ प्रतिशत  रहेको पाइन्छ । यस अध्ययन क्षेत्रमा क्षेत्री, जातिको वाहुल्यता रहेको पाइन्छ ।

## ४.३ खाद्यान्न बालीको क्षेत्रगत उत्पादन (Food crop Production by Area)

अध्ययन क्षेत्रमा छनोट भएका कृषकहरु खाद्य पदार्थको लागि उत्पादन गर्ने बालीहरुमा धान, मकै, गहुँ प्रमुख रुपमा उत्पादन गर्ने गर्दछन् । धानबाली सिंचित भूमिमा लगाइन्छ भने मकै गहुँ जस्ता बाली मौसमी रुपमा लगाउने गरेका पाइन्छ । अध्ययन क्षेत्रमा खाद्यान्न बालीको खेतीमा संलग्न घरधुरीहरु यसको क्षेत्रफल उत्पादन परिमाण र उपभोगलाई अलग अलग शीर्षकबाट प्रष्ट पारिएको छ ।

### ४.३.१ धान (Paddy)

धानबाली नेपालको प्रमुख महत्वपूर्ण खाद्यान्न बाली हो । यो बाली विशेष गरेर तराई क्षेत्रमा उत्पादन गरिन्छ । धान उत्पादनको लागि आवश्यक तापक्रम २०-३७ सेन्टिग्रेड हो तर स्याहार्ने बेलामा कम्तिमा पनि १०-१५ डिग्री तापक्रमको आवश्यका पर्दछ । तर धरातलीय हिसाबले धानबाली पहाड र तराईमा फरक फरक किसिमको पाइन्छ । यस अध्ययन क्षेत्रमा धान बाी एक मौसमा लगाईन्छ । जसमा वर्षे धान मात्र लगाइ वर्षे धानका विभिन्न जातहरु रहेका छन् । प्रमुख ८, राम, राधा ४, राधा १७, राधा ११, राधा १२, कृष्ण १, मंसुली खमुल ४, साबात्री, माला राधा ७ आर २२, २० मकवानपुर १ आदि मुख्य रहेका छन् । यहाँ धान बाली लगाउँदा मलको रुपमा घरमा नै गाईवस्तुको गोबरबाट बनाएको कम्पोष्ट मल बढी प्रयोग गर्छन र युरिया डि.ए.पी. पोटास आदि मल पनि प्रयोग गरेको पाइन्छ । धानबालीमा विभिन्न किसिमका रोगव्याधी र किराहरु लाग्ने गर्छन । यस्ता किरा तथा रोगव्याधी नियन्त्रण गर्नको लागि अध्ययन क्षेत्रमा विभिन्न औषधिको प्रयोग गरिन्छ । अध्ययन क्षेत्रमा रहेका ९२ घरधुरीमध्ये धान बालीमा संलग्न घरधुरी खाद्य बाली लगाएर क्षेत्रफल र उत्पादन परिमाणलाई तलको तालिकाबाट प्रस्ट पारिएको छ ।

**तालिका ४.९**

**धानवालीमा संलग्न घरधुरी संख्या क्षेत्रफल तथा उत्पादन २०७०**

| धान | घरधुरी संख्या | धान लगाएको क्षेत्रफल, रोपनीमा | उत्पादन के.जीमा |
|---|---|---|---|
| वर्षे | ७५ | २९० | ९५,४३६ |
| हिउँदे | | | |
| जम्मा | ७५ | २९० | ९५,४३६ |

**स्रोत : स्थलगत सर्वेक्षण-२०७३**

प्रतिरोपनी औसत धान उत्पादन (३७५.०९के.जी.)

तालिका अनुसार अध्ययन क्षेत्रमा रहेका ९२ घरधुरीमध्ये ७५ घरधुरीहरु धानबालीमा संलग्न रहेको पाइन्छ । वर्षे धान ७५ घरधुरीले २९० क्षेत्रफल रोपनीमा ९५, ४३६ केजी. उत्पादन भएको छ । अध्ययन क्षेत्रमा प्रतिरोपनी धानको औषत ३२९.०८ पाइन्छ ।

### ४.३.२ मकै (Maize)

खाद्यान्न बाली अन्तर्गत मकैलाई दोस्रो महत्वपूर्ण बालीको रुपमा लिइन्छ । अध्ययन विशेष गरेर पहाडी भेग भएको हुँदा र मकैको लागि सिचाइ भएको जग्गाको आवश्यक नपर्ने हुँदा अधिकांश घरधुरीले मकै बाली लगाएको पाइन्छ । अध्ययन क्षेत्रमा मकैका जातहरु मुरारी अरुण १ मनकामना १आदि लगाएको पाइन्छ । मकै बाली लगाउँदा बढी जसो गोबरमल र कम्पोष्ट मलको प्रयोग गर्छन । केही मात्रामा पोटास, युरिया आदि पनि प्रयोग गरेको पाइन्छ । मकैमा विभिन्न रोगव्याधिहरु लाग्छन् । यस्ता समस्याहरु हटाउनका लागि विभिन्न किटनाशक औषधिहरु प्रयोग गरेको पाइयो । अध्ययन क्षेत्रमा रहेका ९२ घरधुरीमध्ये मकै बालीमा संलग्न घरधुरी संख्या लगाएको क्षेत्रफल र उत्पादन परिमाणलाई तलको तालिकाबाट देखाइएको छ ।

**तालिका ४.१०**

**मकै बालीमा संलग्न घरधुरी संख्या क्षेत्रफल तथा उत्पादन, २०७०**

| बाली | घरधुरी संख्या | बाली लगाएको क्षेत्रफल, रोपनीमा | उत्पादन के.जीमा |
|---|---|---|---|
| मकै | ८५ | २६.५ | १०४४१५ |

**स्रोत : स्थलगत सर्वेक्षण-२०७३**

प्रतिरोपनी औषत धान उत्पादन (३७५.०९के.जी.)

तालिका अनुसार अध्ययन क्षेत्रमा नमुना छनोटमा परेका ९२ घरधुरी मध्ये ८५ घरधुरीले २६५ रोपनी क्षेत्रफलमा मकै बाली लगाई १०४,४१५ केजी. उत्पादन भएको पाइन्छ । अध्ययन क्षेत्रमा प्रतिरोपनी मकैको औसत उत्पादन ३९४.० रहेको पाइन्छ ।

### ४.३.३ गहुँ (Wheat)

गहुँ नेपालको तेस्रो खाद्यान्न बाली अन्तर्गत पर्दछ । नेपालको पहाड तथा तराईको क्षेत्रहरुमा गहुँको खेती गरिन्छ । त्यसैगरी अध्ययन क्षेत्र बैतडी जिल्ला पाटन नगरपालिका वडा नं. ११ मा पनि धान जातिकै गहुँको खेती गरेको पाइन्छ । यस नगरपालिकामा गहुँको उत्पादन राम्रो भएको पाइन्छ । यस क्षेत्रमा लोकल गहुँ बढी मात्रामा लगाएका पाइन्छ । केही मात्रामा धौलागिरी गौतम भृकुटी आदि जातका विउहरु लगाएको पाइन्छ । यो बाली

लगाउँदा मूलको गोवरमल बढी प्रयोग गरेको पाइन्छ । थोरै मात्रामा कम्पोष्ट युरिया आदि मल प्रयोग गरेको पाइन्छ । गहुँ बाली लगाउँदा विभिन्न किसिमका रोगहरु तथा किराहरु लाग्ने गर्छन । यसको नियन्त्रणको लागि अध्ययन क्षेत्रका किसानहरुले बोर्मिन र भाइटमिक्स किटनासक औषधि प्रयोग गरेको पाइन्छ । अध्ययन क्षेत्रफलमा रहेका गहुं बालीमा संलग्न घरधुरी संख्या गहुँ बाली लगाएको क्षेत्रफल र उत्पादन परिमाणलाई तलको तालिकाबाट देखाएको छ ।

**तालिका ४.११**

**गहुँ बालीमा संलग्न घरधुरी, क्षेत्रफल र उत्पादन के.जी. मा** (२०७०)

| बाली | घरधुरी संख्या | बाली लगाएको क्षेत्रफल, रोपनीमा | उत्पादन के.जीमा |
|---|---|---|---|
| गहु | ५५ | १२० | १८,६८२ |

**स्रोत : स्थलगत सर्वेक्षण-२०७३**

प्रतिरोपनी औषत उत्पादन (१५५.६८के.जी.)

तालिका अनुसार अध्ययन क्षेत्रमा नमुना छनोटमा परेका घरधुरी मध्ये ५५ घरधुरीले १२० रोपनी क्षेत्रफलमा गहुँ बाली लगाउँदा १८.६८२ के.जी. उत्पादन भएको पाइन्छ । अध्ययन क्षेत्रमा प्रतिरोपनी गहुँको औसत उत्पादन १८.६८२ रहेको पाइन्छ ।

### ४.३.४ कोदो (Millet)

उत्पादन तथा खाद्यान्नको हिसावले कोदोलाई नेपाल सरकारले चौथो स्थाना वर्गीकरण गरेको छ तर अध्ययन क्षेत्रमा कोदो बाली चौथो स्थानमा देखिएको छ । यो बालीमा अन्य खाद्यान्न बालीको तुलनामा उत्पादन लगायत बढी लाग्ने हुँदा थोरै घरधुरीले मात्र कोदो लगाउने गर्दछन् । अध्ययन क्षेत्रमा लगाउने कोदोको जातमा झापु र डल्ले लगाएको पाइन्छ । कोदो बाली लगाउँदा मलको रुपमा गोवर मल प्रयोग गरेको पाइन्छ । कोदो बालीमा सामान्यता रोग लागको अवस्था भेटिदैन । अध्ययन क्षेत्रमा रहेका कोदो बालीमा संलग्न घरधुरी क्षेत्रफल र उत्पादन परिमाणलाई तलको तालिकाबाट देखाइएको छ ।

**तालिका ४.१२**

**कोदो बालीमा संलग्न घरधुरी क्षेत्रफल र उत्पादन के.जी.मा** (२०७०)

| बाली | घरधुरी संख्या | बाली लगाएको क्षेत्रफल, रोपनीमा | उत्पादन के.जीमा |
|---|---|---|---|
| कोदो | १० | ९० | १२४३० |

**स्रोत : स्थलगत सर्वेक्षण-२०७३**

प्रतिरोपनी औषत उत्पादन (१३८.११ के.जी.)

तालिका अनुसार अध्ययन क्षेत्रमा नमुना छनोटमा परेका ९२ घरधुरीमध्ये १० घरधुरीले ९० रोपनी क्षेत्रफलमा कोदो बाली लगाउँदा १२,४३० के.जी. उत्पादन भएको पाइन्छ । अध्ययन क्षेत्रमा प्रतिरोपनी कोदोको औसत १३८.११ रहेको पाइन्छ ।

समग्रमा नमुना छनोटम परेका घरपरिवारको उत्पादन गरेको खाद्यान्न बालीमा संलग्न घरधुरी खाद्यान्न बाली लगाएको क्षेत्रफल र उत्पादन परिमाणलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका ४.१३**

**खाद्यान्न बालीमा संलग्न घरधुरी क्षेत्रफल तथा उत्पादन के.जी.मा** (२०७०)

| बाली | घरधुरी संख्या | प्रतिशत | बाली लगाएको क्षेत्रफल, रोपनीमा | उत्पादन के.जी.मा | प्रतिशत |
|---|---|---|---|---|---|
| धान | ७५ | ८१.५२ | २९० | ९५,४३६ | ४०.९३ |
| मकै | ८५ | ९२.३९ | २६५ | १,०४,४१५ | ४५.२० |
| गहुँ | ५५ | ५९.७८ | १२० | १८,६८२ | ८.०८ |
| कोदो | १० | १०.८६ | ९० | १२,४३० | ५.३८ |
| जम्मा | | १०० | ७६५ | २,३०,९६३ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण-२०७३**

तालिका अनुसार अध्ययन क्षेत्रमा जम्मा ९२ घरधुरीमध्ये ७५ घरधुरीले मात्र २९० रोपनीमा धानबाली लगाएको जहाँ बाट वार्षिक ९५,४३६ के.जी. उत्पादनभएको देखाएको छ । अध्ययन क्षेत्र पूर्ण रुपले पहाडी क्षेत्र भएकाले सबैभन्दा बढी घरधुरीले अर्थात ८५ घरधुरीले मकै खेती गरेको पाइयो । जसबाट वार्षिक १,०४,४१५ के.जी. पाइन्छ । त्यस्तै ५५ घरधुरीले

१२० रोपनी गहुँ खेती गर्दा १८,६८२ के.जी. उत्पादन भएको पाइन्छ । र १० घरधुरीले ९० रोपनीमा कोदो खेती गर्दा १२,४३० के.जी उत्पादन भएको देखिन्छ । खाद्यान्न उत्पादनतर्फ वार्षिक जम्मा २,३०,९६३ के.जी. उत्पादन भएको देखिन्छ ।

## ४.४ खाद्यान्न बालीको मूल्य तथा यसको उपभोग (Price and consumption of food crops)

अध्ययन क्षेत्रमा छनोट भएका घरपरिवारहरुले विभिन्न खाद्यान्न उत्पादन गरेता पनि प्रमुख पमा धान मकै कोदो र गहुँ गर्न गर्दछन् । नमुना छनोटमा परेका घरपरिवारले उत्पादन गरेको खाद्यान्न बालीको प्रचलित बजार मूल्यको साथसाथै कति उपभोग गर्दा रहेछन् भन्ने कुरा थाहा पाउन सकिन्छ ।

यस अध्ययनको क्रममा नमुना छनोटमा परेका घरधुरीहरुले आफ्नो जीवनयापन गर्नका लागि खाद्यान्न उपभोग वर्षभरीमा कति गर्दा रहेछन् भन्ने कुरा  तल व्याख्या गरिएको छ ।

**तालिका ४.१४**

**खाद्यान्न बालीको मूल्य** (२०७०)

| बाली | मूल्यप्रति के.जी | स्वयम उत्पादन उपभोग के.जी | प्रतिशत | खरिद उत्पादन उपभोग | प्रतिशत | जम्मा | जम्माको प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| धान | २५ | ९५,४३६ | ६३.११ | ५५,७६२ | ३६ | १५,११९७ | १०० |
| मकै | २० | १०,४४१५ | ९३.२४ | ७,५६४ | ६.७५ | ११,१९७९ | १०० |
| गहुँ | २० | १८,६८२ | ५१.५१ | १७,५८२ | ४८.४८ | ३३,२६४ | १०० |
| कोदो | १० | १२,४३० | ९१ | १११० | ८ | १३,५४० | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण-२०७३**

माथिको तालिका अनुसार  खाद्यान्न बालीको मूल्य तथा यसको उपभोगलाई देखाइएको छ । अध्ययन क्षेत्रमा उत्पादन भएको खाद्यान्नबाली अन्तर्गत धानको मूल्य प्रतिकेजी रु २५, मकैको मूल्य रु २० कोदोको मूल्य प्रतिकेजी रु १०, त्यसैगरी गहुँको मूल्य प्रतिकेजी रु २० रहेको छ ।

त्यसैगरी उपभोगको अवस्थालाई हेर्दा धान मकै गहुँ कोदो स्वयम उत्पादन बाट उभोगष परणामबाट ९५, ४३६ प्रतिशत केजी, १०, ४४१५, १८,८२, १२,४३०, अर्थात ट३ प्रतिशत, ९३.२४, ५१.५१, प्रतिशत रहेको छ । खरिद उत्पादन उपभोग परिमाण, क्रमश : ५५,६७२, ७,५६४, १७५८२, ११११०, अर्थात ३६,६.७५, ४८.४८, ८ प्रतिशत रहेको छ ।

## ४.५ वार्षिक खाद्यान्न उपभोग (Annual consumption of food Crop)

अध्ययन क्षेत्रका नमुना छनोटमा परेका घरधुरीहरुले आफूले गरेको खाद्यान्न उत्पादनले कति महिना खान पुग्छ भन्ने तथ्य पत्ता लगाउनको लागि खुला प्रश्नावलीका माध्यमबाट तथ्याङ्क संकलन गरिएको थियो । यस अध्ययन क्षेत्रका किसानहरुले खाद्यान्न उत्पादनमा संलग्न भए पनि खाद्यान्नमा आत्मनिर्भर हुन सकेको देखिदैन । अपुग भएको खाद्यान्नको लागि तराई क्षेत्रबाट खरिद गरेको पाइन्छ । खाद्यान्न पूर्ति हुने घरधुरी र प्रतिशतलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१५**

**खाद्यान्न उपभोगको विवरण (२०७०)**

| क्र.सं. | खाद्यान्न उपभोग समय (महिना) | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०-३ | १२ | १३.०४ |
| २ | ३-६ | १५ | १६.३० |
| ३ | ६-९ | १७ | १८.४७ |
| ४ | ९-१२ | ४० | ४३.४७ |
| ५ | १२ खाना पुगी बेचबिखन गर्ने | ८ | ८.६९ |
| जम्मा | | ९२ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण-२०७३**

तालिका अनुसार अध्ययन क्षेत्र ९२ घरधुरीमा गरिएको सर्वेक्षणमा १२ घरधुरी अर्थात १३.०४ प्रतिशतलाई आफूले उत्पादन गरेको खाद्यान्नबाट जम्मा ०-३ महिना खान पुगेको भेटियो । त्यस्तै १५ घरधुरी अथवा १६.३० प्रतिशतलाई आफूले उत्पादन गरेको खाद्यान्न बाट जम्मा ६ महिना खान पुगेको पाइयो । त्यस्तै गरी १७ घरधुरी अथवा १६.४७ प्रतिशतलाई आफूले उत्पादन गरेको खाद्यान्नबाट ९ महिना खान पुगेको पाइन्छ । आफूले उत्पादन गरेको

खाद्यान्नबाट जम्मा १२ महिना खान पुगेको  भेटियो  र ८ घरधुरी अर्थात ८.६९ प्रतिशतले मात्र आफ्नो खाद्यान्न उत्पादनबाट खान पुगेर पनि बेचविखन गरेको पाइन्छ ।

## ४.६ विभिन्न खाद्यान्नको गुणस्तर (Quality of Different  food product)

छनोटमा परेका कृषकहरुले खाद्यान्न बाली अन्तर्गत विभिन्न जातका खाद्यान्न बालीहरु लगाएको पाइन्छ । यस अध्ययनका क्रममा खाद्यान्न बालीको गुणको विश्लेषण गर्दा अध्ययन क्षेत्रमा नमुना छनोटमा परेका खाद्यान्न बालीमा संलग्न घरधुरीलाई कुन खाद्यान्न बाली राम्रो हुन्छ ? भनी सोधिएको प्रश्नमा आएको प्रतिक्रियाको आधारमा गुणको विश्लेषण गरिएको छ । खाद्यान्न बालीको गुणस्तरलाई निम्नानुसार तल प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१६**

**विभिन्न खाद्यान्नको गुणस्तर**

| क्र.सं. | गहुँको जात | घरधुरी संख्या | प्रतिशत | धानको जात | घरधुरी संख्या | प्रतिशत | मकैको जात | घरधुरी संख्या | प्रतिशत | कोदोको जात | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | लोकल | ६० | ६५.२ | राधा ४ | ५५ | ५९.७८ | मनकामना | ८० | ८६.९ | ओखले | ६२ | ६७.३ |
| २ | धौलागिरी | २० | २१.७ | राधा १७ | १० | १०.८६ | अरुण | १२ | १३ | झाफ्फू | ३० | ३२.६ |
| ३ | गौतम | १२ | १३ | खुमलचार | १५ | १६.३ | | | | | | |
| ४ | | | | मंसुली | ७ | ७.६ | | | | | | |
| ५ | | | | राधा ७ | ५ | ५.४ | | | | | | |
| जम्मा | | ९२ | १०० | | ९२ | १०० | | ९२ | १०० | | ९२ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७३**

तालिका अनुसार अध्ययन क्षेत्रमा ९२ घरधुरीमध्ये ५५ घरधुरी गहुँबालीमा रहेको पाइन्छ । यी घरधुरीमध्ये गहुँ बाली बालीको विभिन्न स्रोतहरु मध्ये कुन जात राम्रो हो भनि गरिएको प्रश्नको उत्तरको क्रमम आएको प्रतिक्रिया मध्ये सबैभन्दा बढी लोकलमा ६५.२ प्रतिशत र धौलागिरी २२.७ प्रतिशत  र गौतम १३ प्रतिशत राम्रो हो भन्ने प्रतिक्रिया आएको छ । अध्ययन क्षेत्रमा उत्तरदाताको उत्तर अनुसार लोकल जातको गहुँको गुणस्तर राम्रो रहेको पाइन्छ ।

त्यसैगरी नमुना छनोटमा परेका ९२ घरधुरीमध्ये ७५ घरधुरी धानबालीमा संलग्न रहेको पाइन्छ । यी घरधुरीमध्ये धानबालीको विभिन्न जातहरुमध्ये कुन जात राम्रो हो भनी गरिएको प्रश्नको उत्तरमा आएको प्रतिक्रिया मध्ये सबैभन्दा बढी राधा ४ मा ५९.७८ प्रतिशत राधा १७ मा १०.८ प्रतिशत खुमलचार ४ प्रतिशत मन्सुंलीमा १६.३ प्रतिशत र राधा ७ मा ३.४ प्रतिशत राम्रो हो भन्ने प्रतिक्रिया आएको छ। उत्तरदाताको भनाई अनुसार राधा ४ धानको गुणस्तर राम्रो रहेको पाइन्छ।

त्यसैगरी अध्ययन क्षेत्रमा ९२ घरधुरीमध्ये ७५ घरधुरी मकै बालीमा संलग्न रहको पाइन्छ। यी घरधुरीमध्ये मकै बालीको विभिन्न जातहरु मध्ये कुन जात राम्रो हो भनी गरिएको प्रश्नको प्रतिक्रियामा आएको प्रतिक्रिया मध्ये सबैभन्दा बढी मनकामनामा ८६ प्रतिशत र अरुण २ मा १३ प्रतिशत राम्रो हो भन्ने प्रतिक्रिया आएको छ। अध्ययन क्षेत्रमा उत्तरदाताको भनाई अनुसार मनकामना १ जातको गुणस्तर राम्रो रहेको पाइन्छ।

त्यसैगरी अध्ययन क्षेत्रमा ९२ घरधुरीमध्ये १० घरधुरी कोदोबारीमा संलग्न रहेको पाइन्छ। यी घरधुरीमध्ये कोदोबालीको विभिन्न जातहरु मधये कुन जात राम्रो हो भनी गरिएको प्रश्नको उत्तरमा आएको प्रतिक्रिया मध्ये सबैभन्दा बढी ओखलेमा ६७.३ प्रतिशत र भ्फोपोमा ३२.३ प्रतिशत राम्रो हो भन्ने प्रतिक्रिया आएको छ । अध्ययन क्षेत्रमा उत्तरदाताको भनाई अनुसार ओखले जातको कोदोको गुणस्तर राम्रो रहेको पाइन्छ।

### ४.७ खाद्यान्नको माग (Demand of Food Production)

अध्ययन क्षेत्रका घरधुरीले वार्षिक रुपमा माग गरेको खाद्यान्नको परिमाण र वार्षिक रुपमा उत्पादन गरेको खाद्यान्नको परिमाणबाट उनीहरुको वास्तविक अवस्था पत्ता लगाइएको छ। अध्ययन क्षेत्रमा खाद्यान्न प्रतिको आत्म निर्भरलाई देखाईको छ। विशेष गरेर अध्ययन क्षेत्रका घरधुरीहरुलाई सोधिएको प्रश्नावलीका माध्यमबाट प्राप्त भएको जानकारीको आधारमा के कति आद्यान्नको मात्रा उपभोग गर्दछन् र खाद्यान्नको अवस्था कस्तो छ ? भन्ने कुरालाई स्पष्ट पारिएको छ। नमुना छनोटमा परेका घरधुरीहरुले उपभोग गर्ने खाद्यान्नको परिमाण र उत्पादन गरेको खाद्यान्नको परिमाणलाई तलको तालिकाबाट प्रस्ट पारिएको छ।

### तालिका ४.१७

**खाद्यान्न माग र खाद्यान्न उत्पादनको अवस्था (२०७२)**

| **बाली** | **मागको अवस्था (के.जी)** | **उत्पादन (के.जी)** | **अपुग खाद्यान्न (के.जी)** |
|---|---|---|---|
| धान | १७,०५०० | ९५,४३६ | ७५,०६४ |
| मकै | १२,४००० | १०,४४१४ | १९,५८६ |
| गहुँ | १८,१५० | १८,६८२ | ५,३२ |
| कोदो | १३,७५० | १२,४३० | १३,२० |
| जम्मा | ३१,४०२० | २,३०९६३ | ९६,५०२ |
| प्रतिघरधुरी औषत | ३४१३.२ | २५१०.४६ | १०४८.९३ |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७३**

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका ९२ घरधुरीले वार्षिक रुपमा माग गरेको कूल खाद्यान्नको परिमाण र उत्पादनको परिमाणलाई देखाइएको छ । अध्ययन क्षेत्रमा वार्षिक रुपमा कुल धानको माग १,८०,५०० के.जी रहेको छ भने धानको उत्पादन परिमाण १,१५,५२५ के.जी उत्पादन भएको छ । साथै अध्ययन क्षेत्रमा धानको ६,४७५ के.जी परिमाण अपुग रहेको देखिन्छ । त्यस्तै मकैको माग १,१४००० के.जी उत्पादन ५,५२५ के.जी रहेको छ भने अध्ययन क्षेत्रमा मकैको ८,४७५ के.जी परिमाण अपुग रहेको देखिन्छ । त्यस्तै गहुँको माग १,६१,५० के.जी उत्पादन १५,७५२ के.जी भएको छ भने अध्ययन क्षेत्रमा गहुँको ३८९ के.जी परिमाण अपुग रहेको देखिन्छ र कोदोको माग २३,७५० केजी उत्पादन, २१,५३० के.जी भएको छ भने अध्ययन क्षेत्रमा कोदोको २,२२० केजी परिमाण अपुग रहेको देखिन्छ । अध्ययन क्षेत्रको कूल खाद्यान्न माग ३३,४४०० केजी कुल खाद्यान्न उत्पादन २,५८,३३२ केजी रहेको छ भने अपुग आद्यान्नको परिमाण ७६,०६८ केजी रहेको देखिन्छ ।

समग्रमा भन्नुपर्दा अध्ययन क्षेत्रमा खाद्यान्न उत्पादन र मागको अवस्थालाई विश्लेषण गर्दा खाद्यान्न उत्पादन भन्दा मागको अवस्था बढी रहेको पाइन्छ । अध्ययन क्षेत्रमा अपुग भएका खाद्यान्नको परिमाण कसरी व्यवस्थापन गर्नु भएको छ ? भनि उत्तरदातालाई सोधिएको प्रश्नमा जनाएको प्रतिक्रियाको आधारमा व्याख्या गर्दा अपुग खाद्यान्नको परिमाण धान र मकै पाटन नगरपालिकाको पाटन बजारबाट खरिद गरेको पाइयो ।

## ४.८ नमुना घरधुरीका आर्थिक अवस्था

यस अध्ययनको मुख्य उद्देश्य भनेको खाद्यान्न बाली उत्पादनमा संलग्न स्थानीय कृषकहरुको आर्थिक अवस्थाको बारेमा अनुसन्धान गर्नु हो । नमुना घरधुरीमा परेका कृषकहरु विभिन्न पेशाहरु तथा व्यवसायहरु पनि अपनाएका छन् । अन्य व्यवसायमा वैदेशिक रोजगार, जागिर पेन्सन कुखुरापालन, गाइपालन जस्ता व्यवस्था पनि अँगालेका छन् भने खेती पातिको काम बाहेक अन्य खाली समयमा दैनिक ज्याला मजदुरीबाट पनि आय आर्जन गर्ने गर्दछन् । यस अध्ययनमा नमुना छनोटमा परेका ९२ घरधुरीको आर्थिक अवस्थालाई भूमि वितरणको अवस्था वार्षिक आम्दानी, वार्षिक खर्च र वार्षिक वचतको आधारमा विश्लेषण गरिएको छ ।

### ४.८.१ घरपरिवारको आम्दनीको स्रोत (Sources of Annual Income of Family)

नमूना छनोटमा परेका खाद्यान्न बालीमा संलग्न भएका कृषकहरुको घरपरवारले कृषि बाहेक, जागिर, उद्योग, व्यापार, व्यापार ज्याला, मजदुरी वैदेशिक रोजगारमा संलग्न भई आम्दानी गरेको पाइयो । उल्लेखित पेशाबाट कृषकहरुको घरपरिवारले प्राप्त गरेको आम्दानीलाई स्रोतका आधारमा तल तालिकाबाट देखाइएको छ ।

**तालिका ४.१८**

**स्रोतका आधारमा परिवारको वार्षिक आम्दानी २०७०**

| क.सं. | आम्दानीको स्रोत | आम्दानी रकम रु | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | ४६,७००० | २३.५३ |
| २ | ज्याला मजदुरी | १६,५१,४०० | ८.३२ |
| ३ | नोकरी | २४,२५,९०० | १२.२२ |
| ४ | वैदेशिक रोजगार | ८०,७५,४०० | ४०.६९ |
| ५ | व्यापार तथा उद्योग | ३०,२०,००० | १५.२ |
| जम्मा | | १,९८,४२,७०० | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण-२०७३**

प्रतिघर परिवारको औसत वार्षिक आय रु २,१५,६८१

प्रस्तुत तालिका अनुसार खाद्यान्न बालीमा संलग्न पारिवारिक स्रोतगत वार्षिक आम्दानी कृषि क्षेत्रबाट ४६,७०,०००अर्थात २३.५३ प्रतिशत आम्दानी प्राप्त भएको छ । त्यसै गरी ज्याला मजदुरीबाट १६,५१,४०० अर्थात ८.३२ प्रतिशत आम्दानी प्राप्त भएको छ । त्यसैगरी नोकरीबाट २४,२५,५०० अर्थात १२.२२ प्रतिशत वैदेशिक रोजगारबाट ८०,७५,४०० अर्थात ४०.६९ प्रतिशत र व्यापार तथा उद्योगबाट ३०,२०,००० अर्थात १५.२ प्रतिशत प्राप्त भएको छ । अध्ययन क्षेत्रम रहेको ९२ घरधुरीको वार्षिक औसत आम्दानी १९८,४२,७०० रहेको छ ।

## ४.८.२ नमुना घरधुरीको भूस्वामित्व (Status of Land ownership)

अध्ययनको क्षेत्रमा नमुना घरधुरीको भूस्वामित्व हेर्दा धेरै फरक पाइन्छ । कुनै पारिवारको १ रोपनी जग्गा भएको भेटियो भने कुनै परिवारसँग ४५ रोपनी जग्गा भएको भेटियो । नमुना घर घुरीमा कोहीपनि भूमिहीन परिवार भने नभएको पाइयो । यसलाई तालिकाद्वारा स्पष्ट पार्न सकिन्छ ।

**तालिका ४.१९**

**जमिन अनुसार घरधुरी विवरण** (२०७०)

| क.सं. | किसान | घरधुरी | प्रतिशत |
|---|---|---|---|
| १ | १रोपनी सम्म | २५ | २७.१७ |
| २ | १-३ रोपनी सम्म | ५२ | १६.३० |
| ३ | ३-५ रोपनी सम्म | १५ | ५६.५२ |
| जम्मा | | ९२ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण-२०७३**

तालिकामा अध्ययन क्षेत्रका जमिन अनुसार नमुना घरधुरीमा १ रोपनीसम्म हुने २५ घरधुरी अर्थात २७.१७ प्रतिशत १-३ रोपनीसम्म ५२ घरधुरी अर्थात ५६.५२ प्रतिशत र ३-५ रोपनीसम्म जमिन हुने घरधुरी १५ अर्थात १६.३० प्रतिशत भएको पाइयो ।

## ४.८.३ घरपरिवारको वाार्षिक आम्दानी (Annual Income of the Family)

नमुना छनोटमा परेका खाद्यान्न बाली उत्पादनमा संलग्न घरपरिवारले विभिन्न स्रोतबाट आम्दानी प्राप्त गरेको पाइन्छ । वार्षिक आम्दान भनेको नमुना छनोटमा परेका खाद्यान्न

बालीमा संलग्न घरपरिवारका सदस्यहरुले एक वर्षभरी विभिन्न काम गरेवापत पाउने रकम हो । अध्ययन गर्दाको समयमा प्राप्त वार्षिक आम्दानी विवरणलाई १ देखि २ लाख, २ देखि ३ लाख,  ३ देखि ४ लाख, ४ लाख देखि ५ लाख, ५ लाख भन्दा माथि विभिन्न श्रेणीमा विभाजन गरी त्यस आम्दानी गर्ने कृषकको घरपरिवार संख्या र प्रतिशतलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२०**

**घरपरिवारको तहगत वार्षिक आम्दानी**

| क्र.सं. | वार्षिक आय रु | घरधरी | प्रतिशत |
|---|---|---|---|
| १ | १००००००-२०००००० | ४० | ४३.४७ |
| २ | २००००-३०००० | २१ | २२.२८ |
| ३ | ३०००००-४००००० | १५ | १६.३ |
| ४ | ४०००००-५००००० | १२ | १३ |
| ५ | ५००००० भन्दा माथि | ४ | ४.३४ |
| जम्मा | | ९२ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण-२०७३**

माथिको तालिकामा खाद्यान्न बाली उत्पादनमा संलग्न घरपरिवारको वार्षिक आम्दानीलाई देखाइएको छ । तालिका अनुसार १ लाख देखि २ लाख सम्म आम्दानी हुने ४० घरधुरी रहेको पाइयो । त्यसैगरी २ लाख देखि ३ लाख सम्म आम्दानी हुने २१ घरधुरी, ३ लाखदेखि ४ लाख सम्म आम्दानी हुने १५ घरधुरी, ४ लाख देखि ५ लाख सम्म आम्दानी हुने १२, घरधुरी र ५ लाख भन्दा माथि आम्दानी हुने ४ घरधुरी संख्या रहेको छ ।

### ४.८.४ विभिन क्षेत्रमा गरेको खर्च विवरण (Distribution of Expenditure by Different Sector))

नमुना छनोटमा परेका खाद्यान्न बाली उत्पादनमा संलग्न घरपरिवारको वार्षिक रुपमा खर्च गर्ने क्षेत्रहरु विभिन्न रहेका छन् । जस्तै उपभोग, शिक्षा लत्ताकपडा, स्वास्थ्य, चाडपर्व कृषि तथा अन्य क्षेत्रमा खर्च भएको देखिदैन । साथै कुन क्षेत्रमा कति खर्च भएको छ भन्ने कुरालाई तलको तालिकाबाट प्रस्ट पार्न सकिन्छ

**तालिका ४.२१**

**घरपरिवारको क्षेत्रगत खर्च (२०७०)**

| क्र.सं. | खर्च विवरण | खर्च रकम रु | खर्च (प्रतिशत) |
|---|---|---|---|
| १ | उपभोग | ५०,३६००० | ४६ |
| २ | शिक्षा | २३,८५००० | २१.७८ |
| ३ | स्वास्थ्य | १५,९५००० | १४.५७ |
| ४ | लत्ताकपडा | १२,०७४०० | ११ |
| ५ | चाडपर्व | ५,४५,२२६ | ४.९८ |
| ६ | अन्य | १,७७,४४६ | १.६२ |
| जम्मा | | १,०९४,६०७२ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण-२०७३**

प्रतिघरधुरी वार्षिक औसत खर्च रु ११८९७९.०४

तालिका अनुसार छनोटमा परेका घरधुरीको परिवारिक खर्च विवरणलाई देखाइएको छ । जस अन्तर्गत उपभोगमा परेको खर्च रु ५०,३६,००० अर्थात ४७ प्रतिशत शिक्षामा गरेको खर्च रु २३,८५,००० अर्थात २१.७८ प्रतिशत स्वास्थ्यमा गरेको खर्च रु १५,९५,००० अर्थात १४.५७ प्रतिशत लत्ताकपडामा  गरेको खर्च रु १२०७४०० अर्थात ११ प्रतिशत चाडवर्पमा गरेको खर्च रु ५,४५,२२६ अर्थात ४.९८ प्रतिशत र अन्यमा गरेको खर्च रु १,७७,४४६ अर्थात ६२ प्रतिशत रहेको छ । त्यसैगरी नमुना छनोटमा परेका घरधुरीहरुको वार्षिक औषत खर्च रु १,१८,९७९.०४ रहेको पाइन्छ ।

### ४.८.५ घरपरिवारको वचत (Saving of family)

नमुना छनोटमा परेका खाद्यान्न उत्पादनमा संलग्न घरधुरीहरुको आर्थिक अवस्थालाई हेर्दा अध्ययन क्षेत्रको कुल वार्षिक आम्दानी रु १,९८,४२,७०० छ भने वार्षिक कूल खर्च रु १,०९,४६,०७२ रहेको छ । त्यसै गरी कुल वार्षिक वचत रु ८८,९६,६२८ रहेको छ । यो वचतबाट भविष्यमा आइपर्ने समस्या समाधान गर्न तथा गुणस्तरीय जीवन जिउनका लागि कही रकम गाउँघरमा व्याजमा लगाइएको तथा केही रकम वैकमा जम्मा गरेको पाइयो ।

अधययन क्षेत्रको वार्षिक आम्दानी खर्च तथा वचतलाई तलाको तालिकाबाट प्रस्ट पार्न सकिन्छ ।

**तालिका ४.२२**

**घरपरिवारको वार्षिक बचत** (२०७०)

| **वार्षिक आम्दानी रु** | **१९,८४,२७००** | **प्रतिघरधुरी औसत वार्षिक आम्दानी रु** | **२१,५६८१** |
|---|---|---|---|
| वार्षिक खर्च रु | १,०९४,६०७२ | प्रतिघरधुरी औसत वार्षिक खर्च रु | १,१८,९७९ |
| वार्षिक वचत रु | ८,८९,६२८ | औसत वार्षिक प्रति परिवार वचत रु | ९,६६९.८६ |

**स्रोत : स्थलगत सर्वेक्षण-२०७३**

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा घरपरिवारहरुको कुल वार्षिक आम्दानी रु १९,८४,२७०० छ भने कुल वार्षिक खर्च रु १,०९४,६०७२ रहेको छ । त्यसैगरी औसत प्रतिपरिवार वार्षिक वचत ९,६६९.८६ रहेको छ । यस अध्ययन क्षेत्रमा भएको वार्षिक वचतलाई कृषि विकास बैक ग्लोवल बैक सहकारी संस्थाहरुमा ५ प्रतिशत ७ प्रतिशत व्याजदरमा राखेको पाइयो ।

## ४.९ शैक्षिक अवस्था (Educational Condition)

शिक्षा विकासको प्रमुख आधार हो । शिक्षाले मानिसलाई अँध्यारोबाट उज्यालोतर्फ लैजान्छ । शिक्षाले मानिसहरुलाई  एउटा असल नागरिक बनाए जीवनयापन गर्न सिकाउनुको साथै मानिसको सर्वपक्षको विकास गर्न सहयोग गर्दछ । शिक्षा विनाको  मासिन र समाज सम्म र सम्मुनत समाजको परिकल्पना गर्न सकिदैन । यस अध्ययन क्षेत्रमा खाद्यान्न बालीमा संलग्न घरधुरीको शैक्षिक अवस्था उनीहरुको बालबालिकाहरुको शैक्षिक अवस्था उनीहरुको पढ्ने विद्यालय निजी र सरकारीका बारेमा अध्ययन गरिरहेको थियौं । जसलाई छुट्टा छुट्टै शीर्षकमा देखाइएको छ ।

### ४.९.१ पारिवारिक शैक्षिक अवस्था (Educational condition of family)

अध्ययन क्षेत्रमा अध्ययनको क्रममा नमुना छनोटमा परका घरधुरीको शैक्षिक अवस्थालाई दुई प्रकारले हेरिएको छ। साक्षर निरक्षर गरी यहाँ साक्षर सामान्य रुपमा पढ्न लेख्न सक्ने र औपचारिक रुपमा कुनै तह उत्तीर्ण गरेकालाई साक्षर जनसंख्याको रुपमा लिइएको छ भने सामान्य रुपमा पनि पढ्न लेख्न नसक्नेलाई निरक्षर जनसंख्याको रुपमा लिएको छ। अध्ययन गर्दा नमुना छनोटमा परेका ९२ घरधुरीका जम्मा ४५० व्यक्ति रहेका छन्। ५ वर्ष मुनकि ४० बालबालिका रहेका छन् । उनीहहरुको बारेमा यस अनुसन्धानमा राखिएको छै। किनभने ग्रामिण इलाकामा ५ वर्ष पुरा भएपछि मात्र बालबालिकाहरुलाई विद्यालय पठाउने गरिन्छ। त्यसैले यस अध्ययनमा ५ वर्ष भन्दा माथिका ४०५ जनाको शैक्षिक अवस्थालाई मात्र लिएको छ। जसलाई तलको तालिकाबाट देखाउन सकिन्छ।

**तालिका ४.२३**

**नमुना छनोटमा परेका घरपरिवारको शैक्षिक स्थिति २०७०**

| तह | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| साक्षर | २०० | ४९.३८ | १८० | ४४.४४ | ३८० | ९३.८२ |
| निरक्षर | १० | २.४६ | १५ | ३.७० | २५ | ६.१६ |
| जम्मा | २१० | ५१.८४ | १९५ | ४८.१४ | ४०५ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण-२०७३**

माथिको तालिका अनुसार जम्मा साक्षर जनसंख्या ३८० जना अर्थात ९३.८२ प्रतिशत त्यसमध्ये पुरुष २०० जना ४९.३८ प्रतिशत, साक्षर महिला १८० जना अर्थात ४४.४४ प्रतिशत, त्यसमध्ये निरक्षर पुरुष १० जना अर्थात २.४६ प्रतिशत निरक्षर महिला १५ जना अर्थात ३.७० प्रतिशत रहेको छ।

### ४.९.२ उमेरका आधारमा बालबालिकाको संख्या (Distribution of Children by Age)

यस अध्ययनमा नमुना छनौटमा परेका खाद्यान्न बालीमा संलग्न ९२ घरधुरीको बालबालिकाको उमेरगत समूहलाई हेरिएको छ। जसमा ५ वर्ष देखि १५ वर्ष सम्मका

बालबालिकालाई मात्र समेटिएको छ । १५ वर्षभन्दमा माथिको उमेर बालबालिकाको उमेर समूहमा नपर्ने भएकाले उक्त उमेर समूहलाई लिइएको छैन । यसरी उमेरगत आधारमा बालबालिकाको संख्यालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२४**

**उमेरगत आधारमा बालबालिकाको विवरण २०७०**

| **क.स** | **उमेर वर्ष** | **कृषकका बालबालिकाको संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| साक्षर | ५-१० | ७५ | ५५.५५ |
| निरक्षर | १०-१५ | ६० | ४४.४४ |
| जम्मा | | १३५ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण-२०७३**

माथिको तालिका अनुसार नमुना छनोटमा परेका खाद्यान्न बालीमा संलग्न घरधुरीको ११५ बालबालिकाहरुलाई दुई उमेर समूहमा वर्गीकरण गरिएको छ । जसमा ५-१० उमेर समूहका ७५ जना अर्थात ६५.२ प्रतिशत र १०-१५ उमेर समूहका ४० जना अर्थात ३४.७८ प्रतिशत रहेको छ, जसमा ५-१० उमेर समूहको जनसंख्या बढी रहेको पाइयो ।

### ४.९.३ शैक्षिक तहअनुसार पारिवारिक विवरण (Distrubation of Family by Different Level of Education)

मानिसले गुणस्तरीय जीवनयापन गर्नको लागि शिक्षाको आवश्यकता पर्दछ । शिक्षाविना समुन्नत समाजको परिकल्पना गर्न सकिदैन । त्यसैले खाद्यान्न बालीमा संलग्न कृषकमध्ये नमुना छनोटमा परेका ९२ घरधुरीका ४५० जना सदस्यहरु रहेका छन् । यस अध्ययनमा ४५ जना ५ वर्षभन्दा मुनिका रहेका छन् । यी बालबालिकाहरुलाई यस अध्ययमा समावेश गरिएको छैन ।  त्यसैले खाद्यान्न बालीमा संलग्न कृषकहरुको शैक्षिक अवस्थालाई तलको तालिकाबाट देखाइएको छ ।

**तालिका ४.२५**

**तहगत पारिवारिक शैक्षिक अवस्था २०७०**

| क्र.स | तह | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रा.वि. | ७० | ३५ | ६५ | ३६ | १३५ | ३५.५२ |
| २ | नि.मा.वि. | ५५ | २७.५ | ५२ | २८.८ | १०७ | २८.१५ |
| ३ | मा.वि. | ३० | १५ | ३३ | १८.३३ | ६३ | १६.५७ |
| ४ | उच्च मा.वि. | २० | १० | १५ | ८.३३ | ३५ | ९.२ |
| ५ | स्नातक | १५ | ७ | १० | ५.५५ | २५ | ६.५७ |
| ६ | स्नातकोत्तर | १० | ५ | ५ | २.७७ | १५ | ३.९४ |
| जम्मा | २१० | २०० | १०० | १८० | १०० | ३८० | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण-२०७३**

तालिका अनुसार खाद्यान्न बाली उत्पादनमा संलग्न नमुना छनोटमा परेका ९२ घरधुरी ४५० जनामध्ये निरक्षर संख्या २५ जना अर्थात ६.१६ प्रतिशत रहेको थियो भने बाँकी ३८० जना अर्थात ९३.८२ प्रतिशत साक्षर रहेका छन् । जसमध्ये प्रा.वि. तहमा पुरुष ७० जना अर्थात ३५ प्रतिशत महिलाको संख्या ६५ जना अर्थात ३६ प्रतिशत गरी जम्मा १३५ अर्थात ३५.५२ प्रतिशत रहेको छ । त्यसै गरी नि.मा.वि. तहमा पुरुष ५५ जना अर्थात २७.५ प्रतिशत महिलाको संख्या ५२ जना अर्थात २८.८ प्रतिशत गरी जम्मा १०७ जना अर्थात २८.१५ प्रतिशत रहेको छ । मा.वि. तहमा पुरुषको संख्या ३० जन अर्थात १५ प्रतिशत महिलाको संख्या ३३ जना अर्थात १८.३३ प्रतिशत रहेको पाइन्छ । त्यसै गरी उ.मा.वि. तहमा पुरुषको संख्या २० जना अर्थात १० पतिशत महिलाको संख्या १५ जना अर्थात ८.३३ प्रतिशत रहेको पाइन्छ । स्नातक शिक्षामा पुरुषको संख्या १५ जना अर्थात ७ प्रतिशत महिलाको संख्या १० जना अर्थात ५.५५ प्रतिशत रहेको पाइन्छ । स्नातकोत्तर शिक्षाका पुरुष १० जना अर्थात ५ प्रतित महिलाको संख्या ५ जना अर्थात २.७७ प्रतिशत रहेको पाइन्छ ।

### ४.९.४ घरमुलीहरुको शैक्षिक अवस्था (Educational status of guaridian in the family)

नमुना छनौटमा परेका खाद्यान्न बाली उत्पादनमा संलग्न ९२ घरधुरीका मुलीहरुको कृषकहरुको तहगत शैक्षिक अवस्थालाई यसरी प्रस्तुत गर्न सकिन्छ ।

**तालिका ४.२६**

**घरमुलीको शैक्षिक अवस्था २०७०**

| क.स | शैक्षिक अवस्था | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्रा.वि. | ६० | ६५.२१ |
| २ | नि.मा.वि. | २० | २१.७३ |
| ३ | म.वि. | ८ | ८.६९ |
| ४ | उ.मा.वि | ४ | ४.३६ |
| जम्मा | | ९२ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण-२०७३**

तालिका अनुसार नमुना छनोटमा परेका घरमुलीको शैक्षिक अवस्थालाई प्रतिशतमा हेर्दा प्रा.वि. अध्ययन गर्ने जनसंख्या ६० जना अर्थात ६५.२१ प्रतिशत रहेको छ । त्यसै गरी नि.मा.वि. तहसम्म अध्ययन गर्ने जनसंख्या २० जना अर्थात २१.७३ प्रतिशत मा.वि. सम्म अध्ययन गर्ने जनसंख्या ८ जना अर्थात ४.३६ प्रतिशत र उ.मा.वि. तहसम्म अध्ययन गर्ने जनसंख्या ४ जना अर्थात ४.३६ प्रतिशत रहेको छ ।

### ४.९.५ बालबालिकाको शैक्षिक अवस्था (Educational status of the children)

यस अध्ययनमा खाद्यान्न बालीमा संलग्न भएका कृषकहरुमध्ये नमुना छनोटमा परेका ९२ घरधुरीका बालबालिकाहरुको अध्ययनरत शैक्षिक संस्थ सम्बन्धित गरिएको अध्ययनमा सरकारी , निजी र मा.वि. उच्च शिक्षाका साथै सामुदायिक र निजी संस्था गरी छुट्याइएको थियो । सरकारी विद्यालय भन्नाले सरकारी खर्चबाट संचालिन, शुल्क कम लाग्ने र शिक्षाको गुणस्तर पनि सामान्य भएको विद्यालय होभने निजी विद्यालय भन्नाले व्यक्ति वा समूहबाट संचालिन बढी शुल्क तिर्नु पर्ने र शिक्षाको गुणस्तर पनि राम्रो भएको विद्यालय हो । हाम्रो देशको हाम्रो परिवेशमा औपचारिक शिक्षा ५ वर्ष पुरा भएपछि मात्र सुरु हुन्छ र १५ देखि

माथिको उमेरका बालबालिकाहरु यस उमेर समूहमा नपर्ने भएकाले ९२ घरधुरीका ५ देखि १५ वर्ष उमेर समूहका बालबालिकाले अध्ययन गर्ने शैक्षिक संस्था सम्बन्धी विवरणलाई तलको तालिकामा देखाइएको छ ।

बालीमा संलग्न कृषकहरुमध्ये नमुना खाद्यान्न परेका ९२ घरधुरीका बालबाीलकाहरुको शैक्षिक अवस्थाको अध्ययन गरिएको छ । वर्तमान समयमा खाद्यान्न बालीमा संलग्न भएका सम्पूर्ण घरधुरीले आफ्नो बालबाीलकालाई सरकारी होस या निजीमा होस विद्यालय पठाएको पाइन्छ । पहिले छोरालाई मात्र स्कुल पठाउने र छोरीलाई घरमा मात्र काम गराउने गर्दथे । आजभोलि अभिभावकहरुलाई चेतनाको कारणले गर्दा शिक्षाको महत्व बुझ्ेर छोराछोरी दुवैलाई समान व्यवहार गरी सरकारी या निजी विद्यालय पठाएको पाइन्छ । यसर अधययनमा ५ देखि १५ वर्षसम्मका बालबालिकालाई मात्र समावेश गरिएको छ । जन्मदेखि ५ वर्षसम्म उमेर समूहका बालबाीलका विद्यालय जाने उमेर समूहमा नपर्ने भएकाले यस अध्ययनमा समेटिएका छैनन् । ५ देखि १५ वर्ष सम्मका बालबालिकाको कुल जनसंख्या १३५ जना रहेका छ । तिनीहरुमध्ये सबै जना विद्यालय जाने गरेको पाइयो । यस अध्ययन गर्ने क्रममा विद्यालय जाने उमेर भएको तर विद्यालय नगएको अवस्थामा कोही पनि भेटिएन । यस अर्थमा यो भन्न सकिन्छ कि बाबालिकाको शैक्षिक अवस्था राम्रो रहेको छ । बालबालिकाको शैक्षिक अवस्थाका विवरणलाई तलको तालिकाबाट देखाइएको छ ।

**तालिका नं. ४.२७**

**बालबालिकाको शैक्षिक अवस्था**

| **क्र.सं.** | **विवरण** | **घरधुरी** | **बालबालिको संख्या** | **प्रतिशत** |
|---|---|---|---|---|
| १ | विद्यालय नजाने | - | - | - |
| २ | सरकारी विद्यालय जाने | ५० | ७५ | ५५.५५ |
| ३ | निजी विद्यालय जाने | ४२ | ६० | ४४.४४ |
| जम्मा | | | १३५ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७३**

तालिका अनुसार नमुना छनोटमा परेका खाद्यान्न बालीमा संलग्न घरधुरीका बालबालिकाको शैक्षिक अवस्था सम्बन्धी विवरण देखाइएको छ । खाद्यान्नबालीमा संलग्न कृषका ५ देखि १५ वर्षका सम्पूर्ण बालबालिकाहरु विद्यालय जाने गरेको पाइयो । नमुना छनोटमा परेका ९२

घरधुरी मध्ये ५० घरधुरीका ७५ बालबालिका अर्थात ५५.५५ प्रतिशत सरकारी विद्यालय र ४२ घरधुरीका ६० बालबालिका अर्थात ४४.४४ प्रतिशत निजी विद्यालयमा अध्ययनरत रहेको पाइयो ।

### ४.९.६ शैक्षिक क्षेत्रमा पारेको प्रभाव (Impact on educational sector)

अध्ययन क्षेत्रमा खाद्यान्न बालीमा संलग्न घरपरिवारको पारिवारिक आर्थिक अवस्थाले शिक्षा क्षेत्रमा उल्लेख्य योगदान पुर्‍याएको छ । अध्ययन क्षेत्रमा घरपरिवारको आर्थिक अवस्थाले बालबालिकाको शैक्षिक क्षेत्रमा पारेको प्रभाव विश्लेषण गर्न नमुना छनोटमा परेका ९२ घरधुरीका बालबालिकाको शैक्षिक स्थितिलाई विश्लेषण गरिएको छ । जसलाई तलको तालिकाबाट प्रस्ट पारिएको छ

**तालिका ४.२८**

**तहगत आम्दानीको आधारमा शैक्षिक प्रभाव २०७०**

| क.स | तहगत आम्दानी | घरपरिवारको संख्या | बालबालिका संख्या | | | |
|---|---|---|---|---|---|---|
| | | | सरकारी विद्यालय | | निजी विद्यालय | |
| | | | छात्रा | छात्र | छात्रा | छात्र |
| १ | १००००००-२०००००० | ४३ | ३४ | १५ | ६ | २ |
| २ | २००००००-३०००००० | ३० | १२ | ९ | ५ | ४ |
| ३ | ३००००००-४०००००० | १५ | ३ | ४ | ४ | ४ |
| ४ | ४०००००० भन्दा माथि | ४ | २ | ३ | १८ | १० |
| जम्मा | | ९२ | ५१ | ३१ | ३३ | २० |

**स्रोत : स्थलगत सर्वेक्षण-२०७३**

माथिको तालिका अनुसार १ लाख देखि २ लाख सम्म आम्दानी हुने कृषकहरुले धेरै जसो आफ्नो छोराछोरी सरकारी विद्यालयमा पढाउने गरेको पाइयो भने आम्दानी अनुसार छोराछोरी पनि लगानी गरेको देखियो । ४० लाख भन्दा माथि आम्दानी भएका घरपरिवारको बालबालिका सरकारीभन्दा निजी विद्यालयमा बढी पठाएको पाइयो ।

### ४.९.७ बालबालिकाको शिक्षामा देखिएका समस्या र समाधानका उपायहरु (Problems of Children in education and ways of solutions)

**१. बालबालिकाको शिक्षामा देखिएका समस्याहरु (Problems of children in education)**

अध्ययन क्षेत्रमा खाद्यन्ना बालीमा संलग्न घरधुरीका बालबीलकाको शिक्षामा उनीहरुको अभिभावकको आम्दानीले प्रत्यक्ष रुपमा प्रभाव पारको देखिन्छ । शिक्षा सँग सम्बन्धित प्रमुख समस्याहरुमा आम्दानीमा कमी, सरकारी विद्यालयको कमजोर स्थिति, निशुल्क शिक्षा भनिएता पनि विभिन्न वहानमा शुल्क लिने परिपाटी आदि रहेका छन् ।

**२. बालबीलकाको शिक्षामा देखिएका समस्या र समाधानका उपायहरु (Problem of children in education ways of solution)**

गरिबीका कारणले गर्दा नेपालमा शिक्षाको विकास राम्रोसँग हुन सकेको छैन । सरकारले निशुल्क प्राथमिक शिक्षा प्रदान गर्ने नीति ल्याएता पनि बालबालिकाको लागि आवश्यक कापी, कलम, खाजा नास्ता, पोशाक आदि सम्पूर्ण खर्च उनीहरुका अभिभावकहरुले वेहोर्नुपर्ने हुन्छ जसका लागि उनीहरुको पर्याप्त आम्दानी हुन जरुरी छ । शिक्षा क्षेत्रसँग सम्बन्धित समस्याहरु समाधान गर्नका लागि दिएका सुझावहरुलाई निम्न अनुसार उल्लेख गरिएको छ ।

१. बालबालिकाहरुलाई शुल्क नलिने मात्र नभई आवश्यक सामग्री समेत उपलब्ध गराउनु पर्ने ।

२. सरकारी विद्यालयको शैक्षिक अवस्था सुधार गर्ने खालका कार्यक्रमहरु लागू गर्नुपर्ने जस्तै : अंग्रेजी माध्यमलाई पनि प्राथमिकता दिइनु पर्दछ ।

३. विद्यार्थीका रुचि र चाहना अनुसार व्यवसायिक विषयहरु राख्नुपर्ने ।

४. अभिभावकहरुले आफ्ना बालबालिकाहरुलाई घरायसी काममा मात्र नभई पढाइ लेखाइमा बढी समय प्रेरित गर्नुपर्ने ।

५. विद्यालयमा बालमैत्री वातावरण सिर्जना गर्ने ।

६.	अभिभावकहरुलाई आफ्ना बालबालिकाहरुप्रति जिम्मेवार बनाउन विभिन्न खाले जनचेतनामलक कार्यक्रमहरु संचालन गर्ने ।

## ४.१० खाद्यान्न बाली उत्पादनमा देखिएका समस्याहरु (Problems of Food Production)

अध्ययन क्षेत्रमा खाद्यान्न उत्पादनमा देखिएका विभिन्न किसिमका समस्याहरु रहेको पाइयो । नमुना छनोटमा परेका ९२ घरधुरीको खाद्यान्न उत्पादनमा भोगिरहेका समस्याहरु पत्ता लगाउनका लागि  कृषकहरुलार्य खुला प्रश्नावली गराइएको थियो । कृषकहरुले विभिन्न समस्या जनाएको प्रतिक्रिया प्रतिशतका आधारमा अध्ययन क्षेत्रको खाद्यान्न उत्पादनमा देखिएका समस्याहरुलाई तल प्रस्तुत गरिएको छ ।

### १. कृषि तालिमका समस्या (Problems of Agriculture Traning)

अध्ययन क्षेत्रका ३० प्रतिशत घरधुरीहरुले खाद्यान्न तालिम लिएका भएता पनि ६० प्रतिशत घरधुरीले तालिम लिएका थिएनन् । खाद्यान्न बाली सम्बन्धी तालिम सिमित कोटाका लागि मात्र आउने हुनाले अध्ययन क्षेत्रमा सुबै घरधुरीहरुलाई तालिम दिन सकिएको थिएन । अध्ययन क्षेत्रमा यस समस्याबाट प्रभावित घरधुरी संख्या ६० अर्थात ६५ प्रतिशत रहेका छन् ।

### २. सिचाइ सुविधाको अपर्याप्तता (Lack of irriqation facility)

नेपालको कृषि मनसुनमा आधारित रहेकाले अध्ययन क्षेत्रमा पनि वर्षाको समयमा सिचाइ सुविधा पर्याप्त भएता पनि हिउँदको समयमा अपर्याप्त रहेको पाइयो । अध्ययन क्षेत्रमा ९२ घरधुरीमध्ये १० घरधुरी अर्थात १०.८७ प्रतिशत यस समस्याबाट प्रभावित भएको पाइयो ।

### ३. आधुनिक उपकरणको अभाव (Lack of modern instrument)

अध्ययन क्षेत्रमा खाद्यान्न बाली लगाउँदा आधुनिक उपकरणहरुको अभाव रहेको पाइयो । अध्ययन क्षेत्रका घरधुरीहरुले खाद्यान्न बाली लगाउँदा परम्परागत प्रविधि नै प्रयोग गरेको पाइयो । समस्याबाट प्रभावित घरधुरी ६० अर्थात ६५.२१ प्रतिशत रहेको पाइयो ।

### ४. गुणस्तरीय बिउविजन रासायनिक मल र किटनाशक औषधिको अभाव (Lack of quality seeds, fertilizer and pesticides)

यस अध्ययन क्षेत्रका किसानहरुले उन्नत जातका विउविजनहरुको गरे तापनि त्यस विउ अनुसार गुणस्तरीय विउविजन रासायनिक र किटनाशक औषधिको अभाव रहेको पाइयो । किसानहरुले समयमा वस्तुहरु पनि पाउँदैनन र वस्तुहरुको मूल्यपनि महँगो रहेको पाइयो । यस अध्ययन क्षेत्रमा यस्तो समस्या बाट प्रभावित घरधुरी संख्या ४५ अर्थात ४८.९१ प्रतिशत रहेको पाइयो ।

## ४.११ अध्ययनको सारांश (Summary of study)

नेपालमा कृषिलाई अर्थतन्त्रको मेरुदण्ड तथा मानिसको जीवन निर्वाहको भरपर्दो आधारको रुपमा लिइने गरिन्छ । देशका करिब ७६ प्रतिशत मानिसहरु कृषि पेशामा संलग्न छन् । कृषि अर्थव्यवस्थामा खाद्यान्न बालीको महत्वपूर्ण स्थान रहेको छ । कृषी पेशामा लागेका जनताको जीवनस्तर उकास्न खाद्यान्न बाली खेती व्यावसायको आफ्नै किसिमको महत्व रहेको कुरामा कुनै दुईमत छैन । नेपालको अर्थ व्यवस्थामा खाद्यान्न बालीको स्थान प्रमुख रहेको छ ।

प्रस्तुत अध्ययनमा वैतडी जिल्ला पाटन नगरपालिका वडा नं. ११ खाद्याान्न उत्पादन, उपभोग र शैक्षिक अवस्थाको विश्लेषणात्मक अध्ययन गर्नको लागि विभिन्न विवरणहरुका आधारमा तथ्याङ्क संकलन गरी सुक्ष्म र गहन अध्ययन गरिएको थियो । ग्रामीण क्षेत्रमा खाद्यान्न उत्पादन र उपभोगको अवस्था पत्ता लगाउनु, स्थानीय किसानको आर्थिक अवस्थाको विश्लेषण गर्नु, स्थानीय किसानको पारिवारिक शैक्षिक अवस्थाको विश्लेषण गर्नु यस अध्ययनको उद्देश्य रहेको छ । यस उद्देशय पुरा गर्नका लागि बैतडी जिल्लाको पाटन नगरपालिकाको ११ वडालाई उद्देश्यपूर्ण नमुना छनौटको आधारमा छनोट गरिएको छ । यस क्षेत्रमा  रहेका कुल ४२७ घरपरिवारमध्ये २१ प्रतिशतले हुन आउने गरी ९२ घरधुरीलाई नुमनाको रुपमा छनौट गरी प्रश्नावलीद्वारा तथ्याङ्क संकलन गरिएको छ ।

प्राथमिक स्रोतबाट तथ्याङ्क संकलन गर्दा अध्ययन क्षेत्रका घरधुरीहरुलाई प्रत्यक्ष सोधार संकलन गरिएको थियो भने यसका साथै अवलोकन र छलफल निर्देशिकाको माध्यमबाट प्रत्यक्ष अवलोकन र लक्षित समूह छलफल संचालन गरी प्राथमिक तथ्याङ्क संकलन गरिएको

थियो । द्वितीय तथ्याङ्कको स्रोतको रुपमा सम्बन्धित जिल्ला विकास समिति कार्यालय, अर्थमन्त्रालय कृषि सेवा केन्द्र नगरपालिकाको कार्यालय लेख, रचना र अन्य प्रकाशित अप्रकशित तथ्याङ्क संकलन गरिएको थियो । यसरी संकलन गरिएका तथ्याङ्कहरुलाई तालिकाद्वारा प्रस्तुत गरिएको छ । यसरी विविध विवरणको माध्यमबाट प्रस्तुत गरिएको तथ्याङ्कलाई विश्लेषण गरी निकालिएको नतिजाको सारांशलाई प्रस्तुत गरिएको छ ।

यस अध्ययन क्षेत्रमा सबैभन्दा बढी १५ देखि ६० उमेर समूहका २१५जनसंख्या रहेको पाइयो । अध्ययन क्षेत्रमा सबैभन्दा जन्मदेखि ५ वर्ष उमेर समूहका बालबालिकाको संख्या ४० अर्थात ८.८८ प्रतिशत रहेको पाइयो । त्यस्तै अध्ययन क्षेत्रको जातिग घरधुरीलाई हेर्दा सबैभन्दा बढी क्षेत्री ४५ घरधुरीको अर्थात ४८.९ प्रतिशत रहेको पाइयो । र सबैभन्दा कम १५ घरधुरी दलित अर्थात १६ प्रतिशत रहेको पाइयो ।

अध्ययन क्षेत्रमा खाद्यान्न बाली उत्पादनको अवस्थालाई हेर्दा खाद्यान्नको कूल उत्पादन परिमाण ३,३०,९६३ के.जी. रहेको पाइयो । खाद्यान्न बाली लगाएको जमिन ७६५ क्षेत्रफल रोपनी रहेको पाइयो । त्यसमध्ये धान ९५,४३६ उत्पादन, मकै १,०४,४१५ के.जी. उत्पादन गहुँ १८,६८२ के.जी. उत्पादन र कोदो १२,४३० केजी. उत्पादन भएको पाइयो । खाद्यान्न उपभोगको अवस्थालाई हेर्दा खाद्यान्नको कुल उपभोग परिमाण ३,१२,९८१ के.जी रहेको पाइयो । जसमा स्वयम आप्नो उत्पादनबाट उपभोग परिमाण २,३०,९६३ रहेको देखियोभने खरिदबाट उपभोग परिमाण ८,२०१८ केजी रहेको पाइयो । जसको आधारबाट हेर्दा अध्ययन क्षेत्र र खाद्यान्नमा आत्मनिर्भर हुन नसकेको पाइन्छ । यो अपुग खाद्यान्नको व्यवस्थापनको लागि छिमेकी बजारबाट खाद्यान्नको व्यवस्थापन र यसको लागि वित्तिय व्यवस्थापन घरपरिवारको अन्य आम्दानीका स्रोतबाट व्यवस्थापन गरेका पाइयो । आफूले उत्पादन गरेको खाद्यान्नबाट खान पुग्ने समयलाई हेर्दा १ देखि ३ महिना सम्म पुग्ने घरधुरी प्रतिशत १३ र वेचविखन गर्न पुग्ने घरधुरी ८.६९ प्रतिशत रहेको देखिन्छ । खाद्यान्नको गुणलाई हेर्दा अध्ययन क्षेत्रमा रहेका उत्तरदाताहरुले जनाएको प्रतिक्रिया हेर्दा गहुँ लोकल, मकैमा मनकामना १, धानमा राधा ४ र कोदोमा ओखलेलाई राम्रो गुणको रुपमा उल्लेख गरेको पाइयो ।

अध्ययन क्षेत्रमा रहेका ९२ नमुना घरधुरीले खाद्यान्न तथा अन्य क्षेत्र कृषि, व्यापार, वैदेशिक रोजगार, ज्यालामजदुरी, नोकरीबाट प्राप्त वार्षिक कुल आय रु १९,८४,२७०० रहेको छ भने

कुल वार्षिक वचत रु ८९,६२८ रहेको छ । त्यसैंगरी प्रति घरधुरी औषत वार्षिक आय रु २,१५,६८१ रहेको पाइन्छ भने प्रतिघरधुरी वार्षिक वचत रु ९,६६,९८६ रहेको पाइन्छ । यो वचतलाई उनीहरु घरछिमेकी तथा आफन्तजनमा २० प्रतिशत व्याजदरको रुपमा लगानी गरेको पाइयो । जस्तै विभिन्न वित्तिय संस्थाहरु, सहकारी विकास बैंक, कृषि विकास वैक ग्लोवल वैकहरुमा ७ प्रतिशत र ५ प्रतिशत व्याजदरमा वचत खाताको रुपमा राखेको पाइयो ।

अध्ययन क्षेत्रमा वार्षिक रुपले सक्रिय जनसंख्या १५-६० वर्षका ५८.६ प्रतिशत रहेको छ । अध्ययन क्षेत्रको शैक्षिक अवस्थालाई हेर्दा साक्षर जनसंख्या ३८० अर्थात ९३.८२ प्रतिशत रहेको र त्यसैगरी निरक्षर तर्फ जम्मा २५ जना अर्थात ६.१६ प्रतिशत रहेको पाइन्छ । अध्ययन क्षेत्रमा रहेका घरधुरीको पारिवारिक आम्दानीको आधारमा सरकारी तथा निजी विद्यालयमा पढाउने बालबालिकाहरुलाई देखाइएको छ । जहाँ आम्दानी बढी भएका घरपरिवारले निजी विद्यालयमा पढाएको पाइयो भने कम आम्दानी भएका घरधुरीले आफ्नो बालबालिकाहरुलाई सरकारी विद्यालयमा पढाएको पाइन्छ ।

अध्ययन क्षेत्रमा खाद्यान्न बाली सम्बन्धी देखिएका प्रमुख समस्याहरुमा सिचाइ बालीसँग सम्बन्धित रोग किरा मूल्यस्तर, स्थिर नहुनु, आधुनिक औजारहरुको अभाव, आधुनिक विउविजनको अभाव, मलको अभाव र आधुनिक औजारको प्रयोग र संचालन सम्बन्धी तालिमको अभाव रहेको पाइयो । यस अध्ययन क्षेत्रमा सिचाइको राम्रो व्यवस्था, किटनाशक औषधीको व्यवस्था, आधुनिक विउविजन र मलको उपयुक्त व्यवस्था कृषि तालिमको व्यवस्था मिलाउन सकेको खण्डमा खाद्यान्न उत्पादनमा वृद्धि गर्न सकिने देखिन्छ ।

# अध्याय पाँच (CHAPTER FIVE)

## ५. निष्कर्ष तथा सुझावहरु (Conclusion and Recommendation)

खाद्यान्न उत्पादन, उपभोग र शैक्षिक अवस्थाको विश्लेषणात्मक अध्ययन अन्तर्गत यस अध्ययनमा बैतडी जिल्ला पाटन नगरपालिका वडा नं ११ मा बसोबास गर्ने नमुना छनोटमा परेका घरधुरीहरुले खाद्यान्न सम्बन्धी गरिएको उत्पादन परिमाण उपभोग परिमाण आर्थिक अवस्थाको विश्लेषणात्मक अध्ययन, शैक्षिक अवस्थाको विश्लेषणात्मक अध्ययन गरिएको छ । यस अध्ययनका उद्देश्यहरु स्थानीय क्षेत्रमा खाद्यान्न उत्पादन र उपभोगको अवस्था पत्ता लगाउन, स्थानीय किसानको पारिवारिक शैक्षिक अवस्थाको विश्लेषण गर्नु रहेको छ । यस अध्ययन पुरा गर्नको लागि विभिन्न विषयवस्तुहरुको उत्थान तथा तथ्यपरक सूचना समावेश गर्ने प्रयास गरिएको छ । यस अध्ययनमा अध्ययनको विश्लेषणको आधारमा पत्ता लगाएको निष्कर्ष र आवश्यक सुझावहरुलाई समावेश गरिएको छ ।

### ५.१ निष्कर्ष (Conclusion)

बैतडी जिल्लाको पाटन नगरपालिका ११ वडालाई उद्देश्यपूर्ण नमुना छनोटको आधारमा छनोट गरिइएको छ । यस क्षेत्रमा रहेका कुल ४२७ घरपरिवारमध्ये २१ प्रतिशतले हुन आउने ९२ घरधुरीलाई नमुनामा समावेश गरिएको छ ।

१. यस अध्ययन क्षेत्रमा खाद्यान्न बालीमा सबैभन्दा २९० रोपनी क्षेत्रफल जग्गामा २६५ रोपनी जग्गामा मकै १२०, रोपनी जग्गामा गहुँ र ९० रोपनी जमिनमा कोदो खेती गरेको पाइयो ।

२. नमुना कृषकहरुको पारिवारिक संरचना हेर्दा सबैभन्दा बढी संयुक्त परिवार र केही मात्र एकल परिवार रहेको भेटाइयो ।

३. खाद्यान्न बालीको मूल्यलाई हेर्दा सबैभन्दा बढी धानको मूल्य प्रति केजी रु २५ रहेको छ भने सबैभन्दा कम कोदोको मूल्य रु १० रहेको पाइन्छ ।

४. अध्ययन क्षेत्रमा खाद्यान्नको कुल उत्पादन २३०९६३ के.जी रहेको पाइयो । खाद्यान्नको उपभोगलाई हेर्दा स्वयम उत्पादनबाट उपभोग २३०९६३ के.जी परिमाण र खरिदबाट उपभोग गरिएको परिमाण ८२०१८ केजी रहेको पाइयो ।

५. अध्ययन क्षैत्रको पारिवारिक आर्थिक अवस्थालाई हेर्दा अध्ययन क्षेत्रको कुल वार्षिक आय रु १९८४२७०० रहेको पाइयो । त्यसैगरी प्रतिघरधुरी वार्षिक औषत आय रु २१५६८१ रहेको पाइयो ।

६. अध्ययन क्षेत्रको पारिवारिक  खर्चलाई हेर्दा अध्ययन क्षेत्रको कुल वार्षिक खर्च र १०९४६०७२ रहेको पाइयो । त्यस्तै गरी प्रतिघरधुरी वार्षिक औसत खर्च ११८९७९ रहेको पाइयो ।

७. अध्ययन क्षेत्रको पारिवारिक आर्थिक अवस्थालाई हेर्दा अध्ययन क्षेत्रको कुल वार्षिक वचत रु ८८९६२८ रहेको पाइयो । त्यसै गरी प्रतिघरधुरी वार्षिक वचत रु ११६९.८६ रहेको पाइयो ।

८. अध्ययन क्षैत्रमा खाद्यान्न उत्पादनको गुणस्तरलाई अध्ययन गर्दा अध्ययन क्षेत्रमा रहेका उत्तरदाताले दिएको प्रतिक्रिया अनुसार धानमा राधा ४, मकैमा मनकामना १ गहुँमा लोकन र कोदोमा ओखले रहेका पाइयो ।

९. अध्ययन क्षेत्रमा खाद्यान्न बाली सम्बन्धी देखिएका प्रमुख समस्याहरुमा सिचाइ, बालीसँग सम्बन्धित रोग, किरा, मूल्यस्थर, नहुनु आधुनिक प्रविधिको अभाव आधुनिक विउविजनको अभाव, मलको र कृषि सम्बन्धी तालिमको अभाव रहेको पाइयो ।

१०. अध्ययन क्षेत्रको साक्षरता दरलाई हेर्दा साक्षरतादर ९३.८२ प्रतिशत र निरक्षर ६.१६ प्रतिशत रहेको पाइयो ।

११. अध्ययन क्षेत्रका विद्यालय पढ्न जाने उमेरसमूहका जम्मा १३५ जना बालबालिकाहरु सबै विद्यालय गएको पाइयो ।

१२. अध्ययन क्षेत्रमा सिचाइको राम्रो व्यवस्था, किटनाशक औषधि, व्यवस्था, कृषि तालिम व्यवस्था, आधुनिक विउविजन औजार र मलको उपयुक्त व्यवस्था मिलाउन सकेको खण्डमा खाद्यान्न उत्पादनमा वृद्धि गर्न सकिने देखिन्छ ।

## ५.२ सुझावहरु (Recommendation)

अध्ययन क्षेत्रमा उत्पादन गरिने खाद्यान्न बालीलाई महत्वपूर्ण रुपमा लिइएको छ । खाद्यान्न उत्पादनले कृषकहरुको आयआर्जनमा वृद्धि गर्न सहयोग गर्ने हुँदा उनीहरुको आर्थिक सामाजिक, शैक्षिक आदि क्षेत्रमा ठूलो योगदान पुऱ्याएको हुन्छ तर पनि खाद्यान्न उत्पादनको प्रशस्तै मात्रामा समस्याहरु रहेको पाइन्छ । खाद्यान्न उत्पादनमा उपयुक्त हावा पानी तथा प्राकृतिक भूवनावट भएर पनि किसानहरु बञ्चित  प्रतिफल प्राप्त गर्न सकिरहेका छैनन् ।

देशको आर्थिक विकास गर्नको लागि तथा देशलाई खाद्यान्नमा आत्मनिर्भर बनाउनको लागि खाद्यान्न बालीमा सुधार गर्नुपर्ने देखिन्छ । खाद्यान्न बालीलाई आधुनिकीरण गरी उत्पादनमा वृद्धि गर्नका निम्ति विभिन्न  किसिमका समस्याहरु झेल्नुपर्ने देखिन्छ । यी समस्या समाधानका  लागि उपयाहरुका बारेमा केही सुझाव पत्ता लगाउने प्रयास गरिएको छ ।

.खाद्यान्न उत्पादन उपभोग र शैक्षिक अवस्थाको विश्लेषण गर्ने क्रममा गरिएको बैतडी जिल्ला पाटन नगरपालिका वडा नं ११ मा भएका नमुना छनौटमा परेको घरधुरीमा अध्ययन गर्दा खाद्यान्न बालीको उत्पादकत्व वृद्धि गराउनका लागि तथा नितीगत रुपमा निम्न सुधार गर्नु पर्ने देखिन्छ ।

१. अध्ययन क्षेत्रमा सिचाइको समस्याबाट मुक्त गराउनका लागि सरकार उपभोक्त समिति मार्फत सिचाइ निर्माण तथा विस्तार गराउने विभिन्न समस्याका कारण प्रयोगमा नआएकालाई मर्मत संभार गरी संचालन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

२. उन्नत मल विउविजन, रासायनिक मल र किटनाशक औषधि चर्को मूल्यको समस्याबाट जनतालाई नजिकको कृषि केन्द्र मार्फत सरकारले अनुदान प्रदान गरी उचित मूल्यमा उपलब्ध गराउने व्यवस्था मिलाउनुपर्दछ ।

३. खाद्यान्न बालीमा आधुनिकीकरण तथा यान्त्रिकीकरण गर्नको लागि अध्ययन क्षेत्रको किसानहरुले आप्नो घरछिमेकीबाट २० प्रतिशत व्याजदरको दरमा कर्ज लिनु समस्या रहेकाले वित्तिय संस्थाबाट सस्तो व्याजदरमा धितो कर्जाको मिलाउनु पर्छ ।

४. खाद्यान्न उत्पादनमा संलग्न कृषकहरु कृषि सम्बन्धी तालिमको अभाव भएकाले कृषकहरुलाई व्यवसायिक रुपमा खाद्यान्न उत्पादनमा लगाउनको लागि उपयुक्त तालिमको व्यवस्था मिलाउनु पर्दछ ।

### ५.२.१ प्रयोगात्मक क्षेत्रसँग सम्बन्धित सुझावहरु (Practices related recommendedation)

वर्तमान समयमा खाद्यान्न बाली प्रति आम जनताहरुको आकर्षण घटेको अवस्थामा खाद्यान्न बालीसँग सम्बन्धित प्रयोगात्मक पक्षहरुमा सुधार गर्न सकेको खण्डमा देश खाद्यान्नमा आत्मनिर्भर हुने देखिन्छ । खाद्यान्न उत्पादनको लागि प्रयोगात्मक पक्षसँग सम्बन्धित सुझावहरु निम्न रहेका छन् ।

१. परम्परागत तरिकाबाट खेतीपाती गर्ने प्रचलन भएका खाद्यान्न बालीमा उचित विकास हुन नसकेकोले आधुनिक तरिकाबाट खेतीपाती गर्न कृषकहरुलाई समय समयमा तालिम दिनुपर्दछ ।

२. बालबालिकाहरुको शिक्षामा उनीहरुको अभिभावकको आयस्रोतको प्रत्यक्ष प्रभाव पर्ने हुँदा अभिभावकको आम्दानीमा वृद्धि गर्न व्यावसायिक कृषिमा विस्तार गरिनुपर्दछ ।

३. खेतीयोग्य जमिनमा वस्ती नवसाली खेतीगर्नको निम्ति अन्य अनुपयुक्त क्षेत्रमा वस्ती बसाल्दा उत्पादनमा कुनै पनि ह्रास हुने थिएन ।

४. खाद्यान्न बालीमा किसानहरुलाई प्रोत्साहित गर्नको लागि विद्यालय स्तरबाटै कृषि सम्बन्धी पाठ्यक्रम निर्माण गरी अध्ययन अध्यापन गराउनुपर्दछ ।

### ५.२.३ आगामी अनुसन्धानसँग सम्बन्धित सुझावहरु (Future research related recommendation)

खाद्यान्न उत्पादन, उपभोग र शैक्षिक अवस्थाको विश्लेषणात्मक अध्ययन गर्नको लागि बैतडी जिल्ला पाटन नगरपालिका वडा नं. ११ मा बसोबास ४२७ घरधुरीहरुबाट नमुना छनौटमा परेका ९२ घरधुरीबाट आवश्यक तथ्याङ्क संकलन गरिएको छ । यो अध्ययन पाटन नगरपालिकाका वडा नं. ११ मा रहेका ९२ घरधुरीमा मात्र सम्बन्धित छ । खाद्यान्न

उत्पादनसँग सम्बन्धित अध्ययन गर्न चाहने अन्य अनुसन्धानकर्ताले बुँदाहरुलाई आधार बनाउन सक्ने देखिन्छ ।

१. यस अध्ययनमा खाद्यान्न बाली अन्तर्गत धान, गहुँ, मकै कोदोलाई मात्र समावेश गरिएको हुँदा यी बाहेक जौ र फापरलाई समावेश गरी अध्ययन गर्न सकिनेछ ।

२. खाद्यान्न बालीबाट प्राप्त आयले उनीहरुको आर्थिक र शैक्षिक अवस्थामा पारेको प्रभावको बारेमा अध्ययन गर्न सकिने छ ।

३. खाद्यान्न उत्पादनले राष्ट्रिय अर्थतन्त्रमा गरेको योगदानको बारेमा अनुसन्धान गर्न ।

# अनुसूची १ (Appendices)

## पारिवारिक विवरण

१. घरमूलीको नाम ......................... .........................थर : ........................

लिङ्ग : पुरुष ☐ महिला ☐ उमेर : ............

धर्म : ..................... ......................................ठेगाना : .........................

नगरपालिका :.................................................. वडा नं. ........................

जिल्ला : ...................................

२. तपाईको परिवारमा जम्मा कति जना सदस्य हुनुहुन्छ ?

क) तीन ख) छ

ग) चार घ) पाँच ङ) सात

३. तपाईले कति कक्षासम्म पढ्नु भएको छ ?

क) एस.एल.सी अनुतीर्ण ग) एस.एल.सी. उत्तीर्ण

घ) प्रमाण पत्र तहसम्म ङ) स्नातकसम्म

४. तपाईको जग्गा जमिन कति छ ?

क) १ रोपनी ख) २ रोपनी ग) धुर घ) कठ्ठा

५. तपाईको परिवारको मुख्य पेशा के हो ?

क) कृषि ख) व्यापार ग) डकर्मी घ) कुनै अन्य

६. तपाई बढी कुन जातको धान रोप्नुहुन्छ ?

क) राधा ४ ख) राधा ७

ग) मनसुली घ) खुमल चार

ङ) राधा ७

७. तपाई खाद्यान्न बालीमध्ये सबैभन्दा कुन बाली बढी मन पराउनुहुन्छ ?

क) धान ख) गहुँ

ग) मकै घ) कोदो

ङ) जौँ च) फापर

८. तपाई बढी कुन बाली उत्पादन गर्नु हुन्छ ?

क) खाद्यान्न बाली ख) नगदेबाली

९. तपाइले अरुको जग्गा प्रयोग गर्नु भएको छ ?

क) छ ख) छैन

१०. खाद्यान्न बाली उत्पादन गर्दा के कस्ता समस्याहरु पाउनु भयो ?

क) बजेटको समस्या ख) मलको समस्या

ग) विउको समस्या घ) सिचाइको समस्या

११. खाद्यान्न बाली उत्पादनबाट तपाइलाई वर्षभरि खाना पुग्छ कि पुग्दैन ?

क) पुग्छ ख) पुग्दैन ग) ठिक्क हुन्छ घ) थप्नु पर्छ

१२. खाद्यान्न बाली उत्पादन गर्दा कस्ता खालका किराहरु लाग्दछन् ?

क) गुब्रे किरा ख) कुरमुलो ग) फडके किरा घ) रातो मुखे किरा

१३. खाद्यान्न बालीमा कुन कुन रोगहरु लाग्छन् ?

क) खैरो रोग ख) डडुवा रोग ग) ब्लास्ट रोग घ) व्याक्टेरिया रोग

१४. तपाईको गाउँमा खाद्यान्न बाली उत्पादन गर्न सिचाइको सुविधाको माध्यम के छ ?

क) नहर ख) कुला ग) वोरिङ घ) मनसुन

१५. खाद्यान्न उत्पादन गर्दा तपाइहरु कुन कुन मल प्रयोग गर्नुहुन्छ ?

क) घरमा बनाएको ख) युरिया ग) पोटास घ) प्राङ्गारिक

१६. खाद्यान्न बाली खेतीको उत्पादनले बालबालिकाको शिक्षामा कस्तो सुधार आएका छ ?

क) नकारात्मक ख) सकारात्मक

१७. तपाईका गाउँमा खाद्यान्न बाली उत्पादन गर्न कुन जातको कृषक बढी छन् ?

क) बाह्रमण ख) क्षेत्री ग) दलित घ) अन्य

१८. सिचाईको सुविधा छ छैन?

क) छ ख) छैन

१९. तपाईको आयले कति महिला सम्म खान पुग्छ ?

क) ०-५ महिना ख) ५-१२ ग) खान पुगी बेचविखन गर्न पुग्ने

२०. तपाई कुन खाद्यान्न बाली बढी मात्रमा लगाउनु हुन्छ ?

क) धान ख) मकै ग) गहुँ घ) कोदो

२१. खाद्यान्न बाली किन लगाउनु भयो ?

क) घर खर्चको लागि ख) उपभोगको लागि

ग) बेच्ने उद्देश्यले घ) माथिका सबै

२२. खाद्यान्न बाली उत्पानबाट वार्षिक कति आम्दानी प्राप्त गर्नुहुन्छ ?

क) विस हजार ख) पचार हजार ग) दश हजार घ) तीस हजार

२३. तपाई खाद्यान्न उत्पादन गरी कहाँ विक्रि गर्नु हुन्छ ?

क) स्थानीय बजार ख) जिल्ला स्तरिय बजारमा

ग) राष्ट्रिय बजारमा घ) अन्तराष्ट्रिय बजार

२४. खाद्यान्न बाली उत्पादनबाट प्राप्त आम्दानीलाई मुख्य के के काममा खर्च गर्नुहुन्छ ?

क) शिक्षा ख) स्वास्थ्य ग) लत्ताकपडा घ) भौतिक सुविधा

२५. तपाइको घरपरिवारमा विद्यालय जाने बालबालिका छन छैनन् ?

क) छन् ख) छैनन्

२६. तपाईले बालबालिकाको शिक्षामा कति रकम खर्च गर्नु हुन्छ ?

क) रु.......................................................

२७. खाद्यान्न बालीको उत्पादनले आर्थिक अवस्थामा कस्तो सुधार आएको छ ?

क) सकारात्मक ख) नकारात्मक

२८. खाद्यान्न उत्पादनबाट तपाईको कति महिना खान पुग्छ ?

क) ६ महिना ख) ३ महिना ग) १० महिना घ) १ वर्ष

२९. तपाईको आम्दानीका स्रोतहरु के के छन् ?

क) रोजगारी ख) व्यापार ग) खाद्यान्न बाली घ) अन्य

३०. तपाईको छोराछोरी कस्तो विद्यालयमा पढाउनु भएको छ ?

क) सरकारी ख) निजी

३१. आम्दानीका अन्य स्रोतहरु के के छन् ?

क) व्यापार ख) नोकरी ग) अन्य

३२. खाद्यान्नबाली लगाउन ऋण लिनु भएको छ ? यदि लिनु भएको छ भने कुन बाट लिनु भएको छ ?

क) संस्थागत ग) गैर संस्थागत

३३. तपाईको परिवारमा विद्यालय जाने बालबालिका कति जना छन् ?

क) छन् ख) छैनन्

३४. निम्न लिखित स्रोतहरुबाट शिक्षामा कति कति रकम खर्च गर्नु हुन्छ ?

क) कृषि　　　ख) नोकरी　　　ग) व्यावसाय

३५. तपाईको बालबालिकाको शिक्षामा कस्ता कस्ता समस्याहरु रहेका छन् ?

क) ...........................................................................

ख)...........................................................................

ग) ...............................................................................

घ) ..................................................................................

३६. तपाइँ मकै बालीमध्ये कुन जातको मकै बढी मन पराउनु हुन्छ ?

क) मनकामना　१　　ख) अरुण

ग) मुराली　　　घ) मनकामना　३

३७. तपाई कोदोबाली मध्ये कुन जातको कोदो बढी मन पराउनुहुन्छ ?

क) ओखले　　　ख) डल्ले

ग) झार्पू

३८. तपाइँलाई वार्षिक रुपमा खाद्यान्न बाली कति केजी आवश्यक पर्दछ ?

क) धान　　　ख) मकै

ग) कोदो　　　घ) गहुँ

३९. तपाईले खाद्यान्न बाली कति केजी उत्पादन गर्नुहुन्छ ?

क) धान　　　ख) मकै

ग) कोदो　　　घ) गहुँ